चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः९, सङ्ख्याः४, मितिः२०८२ साल पौष २१**

## भाग-१

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

नेपालको संविधानको भाग ३ धारा ३५ को प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) र (झ) ले दिएको अधिकार प्रयोग गरि नगर अस्पताल सञ्चालन र व्यवस्थापन गर्न चैनपुर नगरपालिकाको नगर सभाले यो ऐन जारी गरि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ४ (चार)

नगरसभाबाट स्वीकृत मितिः २०८२/०९/२१ गते
राजपत्रमा प्रकाशित मितिः २०८२/१०/१९ गते

# चैनपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२

**प्रस्तावनाः**-नेपालको संविधानको धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ (४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र मन्त्रिपरिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्व सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि नगर अस्पताल सञ्चालन एवं व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले चैनपुर नगरपालिकाको नगर सभाले स्वीकृत गरि यो ऐन जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " चैनपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२ रहेको छ ।

(२) यो कार्यविधि चैनपुर नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) अस्पताल भन्नाले बिरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गरिने स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(२) **"नगर अस्पताल"** भन्नाले नेपाल सरकारको नीति २०७६, नेपाल सरकार मन्त्रिपरिषदको निर्णय तथा चैनपुर नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिकाको वडा नं. ६ मा रहेको चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी सञ्चालन गरिएको १५ शैयाको आधारभूत अस्पताललाई सम्झनु पर्छ ।

(३) **"सञ्चालन व्यवस्थापन समिति"** भन्नाले नगर अस्पताल सञ्चालन तथा व्यवस्थापकीय कार्य सम्बन्धी निर्णय गर्न यस ऐनको दफा (६) बमोजिम गठित नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई बुझ्नुपर्छ ।

(४) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ

(५) **"प्रादेशिक स्वास्थ्य संरचना"** भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने स्वास्थ्य मन्त्रालय तथा विभाग, महाशाखा सम्झनु पर्छ ।

(६) **"सरकारी अस्पताल"** भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ ।

(७) **"प्रचलित कानुन"** भन्नाले नगर अस्पताल तथा स्वास्थ्य सेवा व्यवस्थापनका लागि प्रभावित हुने सङ्घीय, प्रादेशिक तथा चैनपुर नगरपालिकाका सम्पूर्ण कानुनहरू सम्झनु पर्छ

(८) **" स्वास्थ्य सेवा"** भन्नाले उपचारात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, पुर्नस्थापनात्मक तथा प्रशासक स्वास्थ्य सेवा सबैलाई बुझ्नु पर्छ ।

(९) **“स्वास्थ्य सेवाका कर्मचारी”** भन्नाले चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी, रेडियो इमेजिङ्ग सेवा प्रदायक, नर्सिङ सेवा, फार्मेसी सेवा प्रदायकलाई सम्झनु पर्छ ।

(१०) **“स्वास्थ्य सेवाका अन्य कर्मचारी”** भन्नाले स्वास्थ्य संस्थाको स्वास्थ्य प्राविधिक सेवा बाहेक प्रशासनिक, सरसफाइ, सुरक्षा तथा अन्य सहयोगी सेवाका कर्मचारीहरूलाई सम्झनु पर्छ।

(११) **“अस्पताल सेवा”** भन्नाले जन स्वास्थ्य सेवा नियमावली २०७७ को नियम ९ र नियम १० सँग सम्बन्धित अनुसूची ७ बमोजिम आधारभूत अस्पतालका लागि निर्धारित सेवा तथा चैनपुर नगरपालिकाको निर्णय बमोजिम सञ्चालन गरिने अस्पताल सेवाहरूलाई सम्झनु पर्छ।

(१२) **“आधारभूत अस्पताल न्यूनतम सेवा मापदण्ड”** भन्नाले जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा २५ र दफा २७ को व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको प्राथमिक अस्पतालका लागि न्यूनतम सेवा मापदण्ड (MSS Primary Hospital) २०७५ लाई जनाउँछ ।

(१३) **“कोष”** भन्नाले नगर अस्पताल विकास कोषलाई सम्झनुपर्छ ।

(१४) **“पालिका”** भन्नाले चैनपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(१५) **“कार्यपालिका"** भन्नाले चैनपुर नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(१६) **“कार्यालय”** भन्नाले चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(१७) **“स्वास्थ्य पूर्वाधार विकास मापदण्ड”** भन्नाले नेपाल सरकारको नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड २०७७ सम्झनुपर्छ ।

(१८) **“स्वास्थ्य संस्था सञ्चालन मापदण्ड”** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत नेपाल स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ सम्झनु पर्छ।

(१९)**“अस्पताल भवन डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका”** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य भवन डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका २०७३ तथा आधारभूत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्छ ।

(२०) **“अस्पताल प्रमुख”** भन्नाले नगर अस्पतालमा कार्यरत चिकित्सकहरू मध्ये अस्पतालको कार्य सञ्चालन व्यवस्थापनको जिम्मेवारी पाएको वरिष्ठ चिकित्सकलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## अस्पताल सेवा व्यवस्थापन

**३. नगर अस्पताल सञ्चालनः** चैनपुर नगरपालिकाको प्रचलित कानुन एवं ऐन, नियमावली, कार्यविधि र मापदण्डका आधारमा अस्पताल सञ्चालन गरिनेछ।

**४. नगर अस्पताल उपलब्ध गराउने सेवाहरूः** नगर अस्पताल उपलब्ध गराउने सेवाहरू नेपाल सरकारको "जन स्वास्थ्य सेवा नियमावली २०७७ नियम ९ र १० सँग सम्बन्धित अनुसूची ७ बमोजिम हुनेछ।

**५. नगर अस्पताल सञ्चालनको मापदण्डः** नगर आधारभूत अस्पताल सञ्चालनको मापदण्ड २०८१ वा नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिम हुनेछ।

**६. नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठनः** (१) अस्पताल सञ्चालन एवं कार्य व्यवस्थापनका लागि देहाय बमोजिम नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

१. नगर प्रमुखः- अध्यक्ष
२. नगर उप प्रमुखः- सदस्य
३. प्रमुख प्रशासकीय अधिकृतः- सदस्य
४. अस्पताल रहेको वडाका वडा अध्यक्षः- सदस्य
५. सामाजिक विकास समिति संयोजकः- सदस्य
६. कार्यपालिका महिला सदस्य मध्ये १ जनाः- सदस्य (कार्यपालिकाको निर्णय अनुसार)
७. प्र.अ./स्वास्थ्य शिक्षकमध्ये नगरप्रमुखबाट मनोनीत प्रतिनिधि १जनाः- सदस्य
८. ने.रे.सो. शाखा मध्येबाट प्रतिनिधि १ जनाः- सदस्य
९. ईलाका प्रहरी कार्यालय प्रमुखः- सदस्य
१०. स्वास्थ्य शाखा प्रमुखः- सदस्य
११. अस्पताल प्रमुखः- सदस्य सचिव

नोटः आवश्यकता अनुसार समितिले आमन्त्रित सदस्यको रूपमा थप गर्न सक्नेछन ।
साथै अध्यक्ष वा जनप्रतिनिधिहरूको कारणवश पदावधि रिक्त हुन आएमा प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा बैठक बस्नसक्नेछ ।

**७. नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(१) नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था अनुरूप अस्पताल सञ्चालनका लागि आवश्यक निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्ने।

(२) नगर अस्पतालबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरूको लक्ष्य निर्धारण, कार्यान्वयन एवं प्रगति समीक्षा गर्ने।

(३) नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ बमोजिमका भौतिक संरचना, जनशक्ति तथा औजार उपकरण व्यवस्थापन लगायतका कार्यहरूको लागि समन्वय, सहजीकरण एवं सहकार्य गर्ने।

(४) अस्पताल सञ्चालनका लागि नगरपालिकाले दिएका निर्देशन र स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने गराउने।

(५) स्वास्थ्य शाखा सँग समन्वय गरि अगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट निर्माण गरी तोकिएको अवधि भित्र नगरपालिकामा पेश गर्ने।

(६) अस्पतालको कार्य प्रगतिको नियमित मासिक, चौमासिक, वार्षिक प्रगति अनुगमन, लेखाजोखा एवं समीक्षा गर्ने।

(७) अस्पतालको मासिक, चौमासिक तथा वार्षिक आय-व्ययको लेखा निरीक्षण, अनुमोदन गर्ने, लेखापरीक्षण गराउने।

(८) अस्पतालमा आवश्यक औषधी उपचार सामग्री तथा औजार उपकरणको खरिद, आपूर्ति, मर्मत सम्भार, संरक्षण एवं भण्डारण सम्बन्धी व्यवस्थापन गर्ने।

(९) अस्पतालको सेवाहरूको वार्षिक लक्ष्य निर्धारण तथा लक्ष्य अनुरूप प्रगति हासिल गर्न आवश्यक रणनीति एवं क्रियाकलाप तय गर्ने ।

(१०) अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पातिको अभिलेख दुरुस्त राख्ने ।

(११) अस्पतालको सेवा प्रवाह क्रममा आएका गुनासोहरूको उचित सम्बोधन र व्यवस्थापन गर्ने गराउने साथै लक्षित समूहहरूलाई आंसिक वा पुरै छुट को व्यवस्था मिलाउने।

(१२) अस्पताल विकास कोषको व्यवस्थापनका लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको खाता सञ्चालन गर्ने।

(१३) अस्पतालमा आवश्यक जनशक्ति आपूर्तिका लागि स्रोत व्यवस्थापन गरि आवश्यक कार्य गर्ने ।

(१४) २४ सैं घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यरत जनशक्तिको मनोवल उच्च राख्न र उच्च कार्य प्रतिफल हासिल गर्न कार्यभार एवं कार्य प्रगतिको आधारमा प्रोत्साहन सेवा सुविधा र उत्प्रेरणाको व्यवस्था गर्ने।

(१५) नगरपालिकाको कोषमाथि व्ययभार हुने निर्णयहरू व्यवस्थापन समितिको बैठकबाट अनुमोदन पछि कार्यान्वयन गर्ने ।

(१६) अस्पतालको भौतिक, आर्थिक, संस्थागत एवं सामाजिक वातावरणको स्वास्थ्य एवं सुरक्षाको लागि आवश्यक कार्य गर्ने ।

(१७) समितिको पदावधि ५ वर्षको हुनेछ ।

(१८) पदावधि रिक्त हुने अवस्थाहरू :-

(क) निजको मृत्यु भएमा

(ख) राजिनामा दिएमा/बसाइसराइ गएमा

(ग) बिना जानकारी लगातार ३ वटा बैठक सम्म अनुपस्थित भएमा

(घ) फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) सस्थागत अहित हुने कार्य भएको प्रमाणित भएमा

**८. अस्पताल विकास कोष**

(१) नगर अस्पतालको आर्थिक एवं वित्तीय कार्य व्यवस्थापनका लागि नगर अस्पताल विकास कोष रहने छ।

(२) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार तोकिएको व्यक्तिहरूको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने गरी नगर अस्पताल विकास कोषको बैङ्क खाता सञ्चालन गरिनेछ।

(३)सङ्घीय सरकार, प्रदेश सरकार, चैनपुर नगरपालिका तथा अन्य जुनसुकै स्रोतबाट कानुन बमोजिम प्राप्त रकम अस्पताल विकास कोषको बैङ्क खातामा जम्मा गरिनेछन्।

(४)अस्पतालको विभिन्न सेवा शुल्क र दस्तुर बापत अस्पतालमा प्राप्त आम्दानी नगर अस्पताल विकास कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम अस्पताल विकास कोषको रकम परिचालन गरिनेछ।

(६) अस्पताल विकास कोषको भुक्तान भएको आर्थिक वर्षको कारोबारको अन्तिम लेखापरीक्षण चैनपुर नगरपालिकाले तोकिएको दर्तावाल लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(७) कर्मचारी र सफ्टवेयरको थप मजबुत र विश्वासिलो बनेपछि लेखा स्रेस्ता प्रणाली विधुतीय कारोबारमा जानुपर्नेछ ।

**९. अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्थापन नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ " बमोजिम देहाय अनुसार गर्नु पर्नेछ :**

१. सोधपुछ तथा गुनासो सुनुवाइः- अस्पतालमा सोधपुक्ष कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्नेछ र प्रत्येक १५ दिनमा गुनासो पेटिका खोल्नु पर्नेछ।

२. सूचना तथा सञ्चार सेवाः-

(क) अस्पतालमा इन्टरनेट एवं बाह्य टेलिफोन सेवा सहितको सञ्चार सेवाको व्यवस्था हुनु पर्नेछ। आकस्मिक सेवाका नम्बरहरू अद्यावधिक राख्नु पर्नेछ ।

(ख) सबैले देख्न सक्ने गरी नेविगेसन चार्ट र नागरिक बडापत्र राख्नु पर्नेछ ।

(ग) अस्पतालमा इन्टरनेटको सुविधा उपलब्ध हुनु पर्नेछ ।

३. पानीको व्यवस्थाः- अस्पतालमा चौबीसै घण्टा पिउने पानी सहित सफा पानीको प्रशस्त व्यवस्था हुनु पर्नेछ।

४. विद्युत् आपूर्तिः- अस्पतालमा चौबीसै घण्टा विद्युत् आपूर्तिको लागि ब्याकअप प्रणाली सहितको व्यवस्था हुनु पर्नेछ ।

५. शौचालयको व्यवस्थाः- अस्पताल हाताभित्र पर्याप्त पानी सहितको देहायका मापदण्ड भएको पर्याप्त सङ्ख्यामा सफा शौचालयको साथै साबुन पानीले हात धुने व्यवस्था हुनु पर्छ ।

(क) बालबालिका मैत्री

(ख) लैंगिक मैत्रीः- महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहोर हाल्ने टोकरी भएको हुनु पर्नेछ ।

(ग) अपाङ्गता मैत्री

(घ) जेष्ठ नागरिक मैत्री

६. बिरामी कुरुवा सुविधाः- अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग सेवा दिइने स्थानहरूमा पर्याप्त विश्रामस्थल तथा कुरुवा स्थलको व्यवस्था हुनु पर्छ ।

७. क्यान्टिन व्यवस्थाः- अस्पताल हाताभित्र स्वस्थ, सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था हुनु पर्छ ।

८. सुरक्षा व्यवस्थाः- अस्पतालमा चौबीसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ। आपत्कालिन अवस्थामा अन्य सुरक्षा निकायसँग समन्वय संयन्त्रको व्यवस्था हुनु पर्नेछ। अस्पतालका संवेदनशील क्षेत्रहरू जस्तै आकस्मिक कक्ष, फार्मेसी, बहिरङ्ग कक्ष, टिकट कक्ष लगायतका क्षेत्रहरूमा CCTV जडान गरी कम्तीमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ।

९. एम्बुलेन्स सेवाः-बिरामीहरूको लागि एम्बुलेन्स सेवा उपलब्ध हुनु पर्नेछ।

क, एम्बुलेन्स चैनपुर नगरपालिकाले उपलब्ध गराउनेछ

ख, एम्बुलेन्स को सम्पूर्ण संचालन र व्यवस्थापन अस्पतालले गर्नेछ सो संचालन गर्न व्यवस्थापन समितिले मापदण्ड, दररेट निर्धारण गरिदिनेछ ।

ग, मासिक रुपमा लकबुक, आम्दानी, खर्च र बचतको अनुमोदन समितिले गर्नेछ ।

घ, एम्बुलेन्स संचालन र व्यवस्थापनको लागि राष्ट्रिय निर्देशिका २०८२ अनुसार तथा नगरपालिकाले कार्यविधि बनाई संचालन गर्न सक्नेछ ।

१०. पार्किङ्गको व्यवस्थाः- कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ।

११. भण्डारको व्यवस्थाः- अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्नेछ र सो सामग्रीहरूको उपयुक्त भण्डारको लागि लागि रेफ्रिजेरेटर, एयर कन्डिसनर, उपयुक्त भेन्टिलेशन सहितको पर्याप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ।

१२. कर्मचारी व्यवस्थापनः- कर्मचारीहरूको दैनिक उपस्थिति अभिलेख राखेको हुनु पर्नेछ कर्मचारीहरुले तोकेको पोशाक, परिचय पत्र एवं विद्युतीय हाजिरीको प्रयोग गरेको हुनु पर्नेछ कर्मचारीहरुको कामको विवरण जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ।

१३.फोहोरमैला व्यवस्थापनः- अस्पतालहाताभित्र सफा, स्वच्छ र दुर्गन्ध रहित हुनुपर्नेछ । अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन निर्देशिका २०७७ तथा स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड २०७७ अनुसार हुनुपर्नेछ ।

१४. सङ्क्रमण रोकथाम तथा नियन्त्रणः- स्वास्थ्य संस्था सञ्चालन मापदण्ड ( पहिलो संशोधन) २०७८ को दफा ४३ बमोजिम परिच्छेद ५ दफा २५ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

१५. जन स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाः- स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड (पहिलो संशोधन) २०७८ " को दफा ४४ बमोजिम परिच्छेद-५ दफा २६ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

१६. अक्सिजन, औजार तथा उपकरण सम्बन्धी व्यवस्था : "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ को दफा ४४ बमोजिम परिच्छेद—५ दफा २८ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

१७. मर्मत सम्भारः- अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरूको नियमित मर्मत सम्भार गर्ने व्यवस्था हुनु पर्नेछ। मर्मतको वार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

१८. तथ्याङ्क व्यवस्थापन एकाईः- अस्पतालमा सूचना विज्ञ सहित तथ्याङ्क व्यवस्थापन एकाइको व्यवस्था हुनु पर्नेछ।

१९. निःशुल्क औषधीहरुको नियमित आपूर्ति

**१०. अस्पतालको स्वास्थ्य सेवा सञ्चालनः-**

(१) नगर अस्पतालले प्रदान गर्ने सेवाहरूः-नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची ७ बमोजिमका देहायका सेवाहरू प्रदान गर्नेछ।

(क) जन- स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरू

१. खोप सेवा

२. एकीकृत नव शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन

३. पोषण सेवा

४. गर्भवती परीक्षण सेवा, प्रसव तथा सुत्केरी सेवा

५. परिवार नियोजन, सुरक्षित गर्भपतन, प्रजनन स्वास्थ्य सेवा तथा महिलाको क्यान्सर ( शीघ्र पहिचान, परामर्श तथा प्रेषण) सम्बन्धी सेवा

६. सरुवा रोगको प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण सम्बन्धी सेवा

७. नसर्ने रोग तथा शारीरिक विकलाङ्गहरूको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श, आकस्मिक उपचार तथा प्रेषण सम्बन्धी सेवा

८. मानसिक रोगहरूको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण सम्बन्धी सेवा

९. ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरूको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सेवा

१०. सामान्य आकस्मिक अवस्थाका सेवा

११. स्वास्थ्य प्रवर्द्धन सेवाः-जनचेतनामुलक सूचना तथा सञ्चार सामग्री /व्यवहार परिवर्तन सञ्चार/परामर्श सेवा

१२. आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरू

(ख) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सकीय सेवा

(१) सामान्य चिकित्सा

(२) सामान्य शल्यक्रिया

(३) स्त्री तथा प्रसूति रोग सेवा

(४) शिशु तथा बाल स्वास्थ्य सेवा

(५) सामान्य दन्त सेवा

(६) प्राथमिक आँखा उपचार सेवा

(ग) आकस्मिक स्वास्थ्य सेवा

(१) आकस्मिक सेवा

(२) आधारभूत आकस्मिक शल्यक्रिया (BEONC) समेत

(३) आकस्मिक प्रयोगशाला तथा रक्त सञ्चार सेवा

(४) निदानात्मक सेवा

(घ) प्रयोगशाला सेवा

(ङ) रेडियो इमेजिङ्ग सेवा

(च) अस्पताल फार्मेसी सेवा

(छ) मेडिकोलेगल सेवा

(१) नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेका सेवाहरू

(२) बहिरङ्ग र अन्तरङ्ग चिकित्सकीय सेवा सञ्चालन नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिम परिच्छेद ३ दफा ११ गुणस्तर एवं मापदण्ड अनुसारको हुनु पर्नेछ।

(३) आकस्मिक स्वास्थ्य सेवा अन्तर्गत "नेपाल सरकार जन स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची २ बमोजिमका देहायका अवस्था सम्बन्धी सामान्य आकस्मिक अवस्थाका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु पर्नेछ।

(क) चोटपटक तथा घाउ खटिरा सम्बन्धी आकस्मिक अवस्थाहरू :

(१) घाउ चोटको मलम पट्टी लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(२) काटेको घाउमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(३) पिलो तथा फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श

(ख) आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions)

(१) आघात (Shock) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(२) मुर्छित अवस्थाको लेखाजोखाः-प्रारम्भिक व्यवस्थापन, आवश्यकता अनुसार उपचार तथा प्रेषण

(३) कन्भल्सन (Convulsion) व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(४) दुर्घटनाबाट गम्भीर घाइते बिरामीलाई स्थिर बनाउने र आवश्यकता अनुसार व्यवस्थापन र प्रेषण

(५)हाड भाँचिएको(Fracture), जोर्नी खुस्केको, सर्केको (Joint Subluxation, Dislocation) लाई स्थिर बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण परामर्श ।

(६) पोलाई (Burn & Scald) को प्रारम्भिक निदान, लाक्षणिक उपचार, प्रेषण र परामर्श

(७) विषादी सेवनः- पेट सफा गर्ने (Gastric Lavage) लगायतका व्यवस्थापन, उपलब्ध प्रति विषादी (Antidotes) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण

(८) पानीमा डुबेको (Drowning): प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार

(ग) सर्पदंश/किराको टोकाइ/जनावरको टोकाइ प्राथमिक उपचार तथा प्रेषण

(४) प्रयोगशाला सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड २०७७" को दफा ३० बमोजिम "D" वर्गको प्रयोगशाला परिच्छेद ४ दफा १५ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

(५) रेडियो ईमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" को दफा ४२ बमोजिमको स्तरको परिच्छेद ४ दफा २२ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

(६) फार्मेसी सेवा नेपाल सरकारको "जन- स्वास्थ्य सेवा ऐन २०७५" को दफा २९ (४) को अधीनमा रही अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ को निर्देशन पालना गरी "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(पहिलो संशोधन) २०७८ को दफा ४९ बमोजिम परिच्छेद ४ दफा १४ गुणस्तर एवं मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

(७) मेडिकोलेगल सेवा नेपाल सरकारको "जन - स्वास्थ्य सेवा नियमावली २०७७" को नियम ९(१) र (२) तथा नियम १० अनुसूची ७ को अधीनमा रही मेडिकोलेगल सेवा सञ्चालन गर्नु पर्नेछ।

(८) जनशक्ति व्यवस्थापनः- नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ बमोजिमको परिच्छेद ३ दफा १८ बमोजिम गर्नु पर्नेछ।

(९) नगर अस्पतालको स्तरोन्नती तथा सेवा विस्तारः- नेपाल सरकार, प्रदेश सरकार तथा चैनपुर नगरपालिकाको प्रचलित कानून बमोजिम अस्पतालको स्तरोन्नती गरी सेवा विस्तार गर्न सकिनेछ । (१०) नगर अस्पतालमा विस्तारित सेवा संचालनः- नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३१ को अधिकार प्रयोग गरी उपलब्ध स्रोत साधन तथा जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित अस्पताल सेवा सञ्चालन गर्न सक्नेछ ।

(११) अन्यत्र सेवा गर्न नपाउनेः नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३२ को अधीनमा रही नगर अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारी अस्पतालले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन।

## परिच्छेद-३

## नगर अस्पतालका बहिरङ्ग, अन्तरङ्ग तथा आकस्मिक सेवा सञ्चालन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी मापदण्डहरू

### ११. बहिरङ्ग तथा अन्तरङ्ग विभाग

(१) नगर अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग विभाग बाट दफा ९(१) को (ख) बमोजिमका सेवाहरू उपलब्ध गराउनु पर्नेछ।

(२) बहिरङ्ग विभागः-नगर अस्पतालको बहिरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ " बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) विरामी नाम दर्ता कक्ष / स्थानको व्यवस्था

(ख) प्रत्येक विशेषज्ञ सेवाका लागि अलग अलग ओ. पी. डी. कक्षको व्यवस्था

(ग) बहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तीमा १४ (चौध) वर्ग मिटरको हुनुपर्ने र कन्सल्टेन्ट युनिट वा सेवा अनुसार ओ. पी. डी. सञ्चालन गर्न सकिने

(घ) बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरू उपलब्ध हुने समय तालिका (दिन र वार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राख्ने

(ङ) व्हिलचेयर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था भएको

(च) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी (counselling) दिने व्यवस्था

(छ) ओ.पी.डी. कक्षमा पर्याप्त फर्निचर सहितको प्रतीक्षालय व्यवस्था

(ज) सूचना-पाटी, टि.भी. स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था ।

(झ) महिला र पुरुषको लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र ज्येष्ठ नागरिक मैत्री समेत शौचालयको व्यवस्था ।

(३) अन्तरङ्ग विभागः-नगर अस्पतालको अन्तरङ्ग सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग-अलग वार्डको व्यवस्था हुनु पर्नेछ र यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला बिरामीको गोपनीयता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ ।

(ख) अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ।

(ग)अपाङ्गता भएका बिरामीहरूको व्यक्तिगत सरसफाई र लुगा फेर्ने प्रयोजनको लागि आवश्यक व्यवस्था हुनु पर्नेछ र सनथै अस्पताल 'भवन बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री हुनु पर्नेछ

(घ) एक क्युबिकल (Cubide) मा ६ (छ) शैया भन्दा बढी राख्न पाइने छैन ।

(ङ) अस्पतालमा आवश्यकता अनुसार क्याबिन कोठाहरूको व्यवस्था हुनु पर्नेछ। कुल शैयाको बढीमा ३० प्रतिशत मात्र क्याबिन शैया राख्न पाइने छ।

(च) प्रत्येक वार्डमा नर्सिङ स्टेशन हुनु पर्नेछ

(छ) नर्सिङ्ग स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था हुनु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा “कल बेल" राख्नु पर्नेछ ।
अस्पतालको अन्तरङ्ग विभागमा आवश्यकता अनुसार चेन्जिङ्गरुम हुनुपर्दछ ।
शौचालय, बाथरुम, स्टोर तथा नर्स एवं डाक्टरको डयुटी रुमको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ज) प्रसुति सेवाको लागि लेबर रूम र प्रसूति कक्षमा कम्तीमा एउटा कार्डियो- टोकोग्राफी मेशिनका जडान भएको हुनु पर्नेछ ।

(झ) डाक्टरको डयुटी रुम, प्यान्ट्री, आइसोलेशन रूम, ट्रिटमेन्ट रुम, शौचालय आदिको व्यवस्था हुनु पर्नेछ ।

(ञ) शैयाहरु बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तीमा २ फिटको दूरी हुनु पर्नेछ।

(ट) अस्पतालमा बच्चा, सुत्केरी, अब्जरभेषन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था हुनु पर्नेछ

(ठ) जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ सटाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ।

(ड) लेबर रूमको छुट्टै व्यवस्था भएको हुनु पर्नेछ।

(ढ) लेबर रूम र एक्टिभ लेबर वार्डको लागि छुट्टै शौचालयको व्यवस्था भएको।

(ण) प्रसूति हुनु अगावैका बिरामी भर्ना गर्नका लागि प्रि लेवर वार्ड (pre-labour ward) को व्यवस्था हुनु पर्नेछ।

लेबर रूम र लेबर टेबलको हकमा बिरामीको चाप अनुसार तय गर्नु पर्नेछ ।

(त) प्रति लेबर टेबल २ जना मिड वाईफ वा SBA तालिम प्राप्त नर्स हुनु पर्नेछ र एक्टिभ लेबर वार्डको हकमा प्रति २ शैया १ जन मिडवाइफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्नेछ।

(थ) एक्टिभ लेवर वार्ड (Active Labour Ward) र लेबर रूम जोडिएको हुनु पर्नेछ।

१२. आकस्मिक विभागः- (१) नगर अस्पतालको आकस्मिक विभागबाट दफा ९ (३) बमोजिमका सेवाहरु उपलब्ध गराउनु पर्नेछ।

(२) नगर अस्पतालको आकस्मिक सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) अस्पतालमा कुल शैया क्षमताको कम्तीमा १० (दश) प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ।

(ख) आकस्मिक कक्ष संचालन गर्दा अल्ट्रासाउण्ड, एक्स-रे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओपिडी, ओ.टी. तथा अन्य वार्डहरुमा बिरामी समेत व्हिलचेयर, ट्रली, स्ट्रेचर सजिलै लैजान ल्याउन सकिने गरी सञ्चालनमा ल्याएको हुनुपर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतीक्षालय, शौचालय, ट्रायज क्षेत्र, चेन्जिङ्ग रुम, मेडिकोलेगलका लागि गोपनीयता सुनिश्चित हुने कोठाको व्यवस्था समेत भएको हुनु पर्नेछ।

(घ) (२४ सै) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) १५ (पन्ध्र) शैयासम्मको अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ।

(च) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support/Primary Trauma Care/Advance Cardiac Life Support/Advance Trauma Life Support/Primary Emergency Care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(छ) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरू चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(ज) आपत्कालिन सेवा दिनका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपत्कालिन कक्षमा सहज रूपमा आउन जान सक्ने व्यवस्था भएको हुनु पर्नेछ।

(झ) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको सेफरल प्रक्रिया तथा बिरामी सार्ने पद्धति स्पष्ट रूपमा परिभाषित रहेको हुनु पर्नेछ।

(ञ) प्रकोपजन्य रोगहरू, प्राकृतिक प्रकोप जस्ता पक्षहरूलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापनको योजना बनाएको र अद्यावधिक गरेको हुनुपर्नेछ।

(ट) आकस्मिक कक्षमा सञ्चार सुविधा एवं शुद्ध खानेपानीको व्यवस्था हुनुपर्नेछ।

(ठ) आकस्मिक कक्षमा सार्वजनिक टेलिफोन सेवाको व्यवस्था हुनुपर्नेछ।

(ड) अन्तरंग, आकस्मिक कक्षहरुमा भर्ना भएका बिरामीहरुको पूर्ण विवरण राखी सोही अनुसार डिस्चार्ज हुने समयमा डिस्चार्ज सारंश (Discharge Summery) बिरामीहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(ढ) माथि उल्लेखित बुँदाहरूमा जे जस्ता कुराहरु लेखिएतापनी हाललाई चैनपुर नगर अस्पतालको वास्तविक पूर्वाधार, संरचना, उपलब्ध साधन स्रोत लाई उपयोग गर्दै थप मापदण्डमा विकसित गर्दै जान सकिनेछ भने गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न समेत क्रमशः बिस्तार गरिदैं जानेछ ।

**१३. जनशक्ति व्यवस्थापनः** (१) नगर अस्पतालको जनशक्ति व्यवस्थापन नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ " बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) सुशासन तथा व्यवस्थापनका लागि जनशक्तिः-

(१) मेडिकल जनरल- १ जना (मेडिकल सुपरिटेन्डेन्ट)

(ख) क्लिनिकल सेवाका लागि जनशक्तिः-

(१) स्त्री तथा प्रसूति रोग विशेषज्ञ ( Gynecologist and Obstetrician) - १ जना

(२) बालरोग विशेषज्ञ (Pediatrician)- १ जना

(३) जेनेरल फिजिसियन (General Practioner/MDGP)-१ जना

(४) मेडिकल अधिकृत-२ जना

(५) नर्सिङ्ग अधिकृत-१ जना

(६) नर्सिङ्ग स्टाफ-७ जना

(७) पारामेडिकल स्टाफ / हे. अ. - ५ जना

(८) अप्थेल्मो एसिअस्टेन्ट -१ जना

(९) फार्मेसी सहायक — २ जना

(१०) मेडिकल प्रयोगशाला कर्मचारी (मेडिकल प्रयोगशालामा स्नातक तह १ जना सहित)- ४ जना

(११) रेडियो इमेजिङ्ग सेवा कर्मचारी (कम्तीमा १ जना कन्सल्टेन्ट रेडियोलोजिस्ट सहित)-३जना

(१२) एनेस्थेटिक सहायक- १ जना

(१३) बि.डी.एस. डाक्टर सहित डेन्टल हाइजिनिस्ट- २ जना

(ग) अस्पताल सहयोग सेवाका लागि जनशक्तिः-

(१) सामाजिक सेवा इकाई तथा स्वास्थ्य बीमा व्यवस्थापन सम्बन्धी कर्मचारी - १ जना

(२) प्लम्बर - १ जना

(३) इलेक्ट्रिसियन - १ जना

(४) बगैंचे आवश्यकता अनुसार

(५) कार्यालय सहयोगी र सरसफाईकर्मी- आवश्यकता अनुसार

(६) सुरक्षा सुरक्षा गार्ड आवश्यकता अनुसार

(७) हलुका सवारी चालक आवश्यकता अनुसार

(२) नगर अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा स्वास्थ्य सेवाका अन्य कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकार र चैनपुर नगरपालिकाको कानुन अन्तर्गत तोकिए बमोजिम हुनेछ ।

(३) माथि उल्लेखित दरबन्दी तेरिजमा जे लेखिएतापनी चैनपुर नगर अस्पतालमा उपलब्ध स्रोत, साधन, संरचना, औजार, उपकरण, पूर्वाधारहरूलाई मध्यनजर गरि आवश्यकताको आधारमा चैनपुर नगरपालिका र चैनपुर नगर अस्पताल ले कर्मचारीहरू व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद ४

## नगर अस्पतालको फार्मेसी सेवा, प्रयोगशाला सेवा तथा रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्डहरू

**१४. नगर अस्पतालको फार्मेसी सेवा**:- (१) दफा १० (४) को फार्मेसी सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ।

(क) फार्मेसी इकाई सबै बहिरङ्ग विभाग तथा आकस्मिक विभागको सहज पहुँचमा हुनु पर्छ ।

(ख) प्रति २०० जना बहिरङ्ग सेवाका सेवाग्राहीको लागि एउटा डिस्पेन्सिङ्ग काउन्टर हुनुपर्नेछ ।

(ग) औषधी भण्डारणको लागि छुट्टै भण्डार कोठाको व्यवस्था हुनुपर्नेछ ।

(घ) अन्तरङ्ग सेवाका बिरामीहरूका लागि छुट्टै डिस्पेन्सिङ्ग युनिटको व्यवस्था हुनुपर्नेछ।

(ङ) फर्मेसी सेवा चौबीसै घण्टा खुला हुनुपर्नेछ।

(च) फार्मेसी सेवा व्यवस्थापनका लागि अस्पताल फार्मेसी संचालन समिति र ड्रग एण्ड थेराप्युटिक कमिटीको गठन भएको हुनुपर्नेछ।

(छ) गुणस्तरीय फार्मेसी अभ्यास अनुकूल हुनेगरी औषधी खरिद, भण्डारण, अत्यावश्यक औषधी तथा सामग्रीहरूको अभाव हुन नदिन, औषधीको प्राप्ती, निरीक्षण, हस्तान्तरण, औषधीको गुणस्तर हेर्न, इनभेन्टरी व्यवस्थापन, लागू तथा मनोद्वीपक औषधीहरूको भण्डारण, औषधीको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाहरुको नियन्त्रण गर्न स्तरीय सञ्चालन विधि (Standard Operating Manual) अपनाएको हुनुपर्नेछ।

(ज) नगर अस्पतालको फार्मेसी सेवा व्यवस्थापन नेपाल सरकारको अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ लाई आधार मानी "नगर अस्पतालको फार्मेसी सेवा निर्देशिका " बमोजिम हुनेछ ।

(झ) माथि जेसुकै कुरा लेखिएता पनि अस्पतालको कार्यबोझ र दैनिक कारोबारको आधारमा जनशक्ति थपघट गर्न सक्नेछ ।

(ञ) औषधि तथा औषधिजन्य सामाग्रीहरुको नियमित आपूर्ति र निरन्तरताको लागि रु. ५ लाख सम्म नगर अस्पताल व्यवस्थापन समितिको निर्णय अनुसार औषधिको खरिद प्रकृया अघि बढाउन सक्नेछ भने तुरुन्तै आवश्यक भएको (इमर्जेन्सी आइटम) कुनैपनि औषधि र औषधिजन्य सामाग्रीहरू रु.१ लाख सम्म अस्पताल ड्रग थेराप्युटिक कमिटिले स्वास्थ्य शाखामा समन्वय गरि सोझै फार्मेसी संचालन समितिले निर्णय गरि खरिद गर्न सक्नेछ सो निर्णय अस्पताल विकास समितिको बैठकले अनुमोदन गर्नुपर्नेछ । अन्य नियमानुसार हुनेछ ।

**१५. नगर अस्पतालको प्रयोगशाला सेवाः**

(१) नेपाल सरकारको सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" दफा ३० बमोजिम "D" वर्गको प्रयोगशाला देहायको मापदण्ड अनुसार सञ्चालन गर्नु पर्नेछ।

(क) प्रयोगशाला क्षेत्र सम्बन्धी व्यवस्था :

(१) क्षेत्रफलः २५० वर्ग फिट

(२) प्रयोगशालाको नक्साङ्कन (Lay Out) नमूना सङ्कलन गर्ने देखि लिएर विसर्जन सम्म हुने गरी लजिकल फ्लो (Logical Flow) मिलाएको हुनु पर्नेछ ।

(३) नमुना सङ्कलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टा छुट्टै क्षेत्र हुनु पर्नेछ।

(४) तोकिएको कुल क्षेत्रफलको न्यूनतम ७०% भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको लागि छुटयाइएको हुनु पर्नेछ । बाँकी ३०% भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तैः- नमुना सङ्कलन, प्रतीक्षालय, मिटिङ्ग हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ।

(ख) जनशक्ति व्यवस्थाः- (१) दफा १३ (१) (ख) (४) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ

(२) चौबीस घण्टा आकस्मिक प्रयोगशाला सेवा सञ्चालन गर्न न्यूनतम १ (एक) जना थप जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ।

(३) प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ ।

(४) न्यूनतम मानव संसाधनको सङ्ख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम जनशक्ति हुनु पर्नेछ। नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रूपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने जनशक्तिलाई मात्र मानिने छ। न्यूनतम जनशक्ति प्रयोग गर्दा (२ जना पार्ट टाइम कर्मचारी बराबर १ जना फुल टाइम) कर्मचारी मानिने छ ।

(५) प्रयोगशाला परीक्षणको दररेट अनुमोदन, हाफशुल्क, निःशुल्क गर्ने गराउने निर्णय समितिको हुनेछ ।

(ग) औजार उपकरण सम्बन्धी व्यवस्था :

(१) All Basic Equipment, consumables, reagents/kits including (but not limited to):

- Binocular Microscope, Centrifuge, Colorimeter, Water Bath, VDRL Shaker, Hot Air Oven, Micropipettes, DLC counter, power backup, Autoclave, Incubator, Semi-automated Biochemistry analyzer. Etc.

(२) उपकरणहरूको मर्मत सम्भार तालिका बनाइ नियमित रूपमा गर्नुपर्नेछ।

(३) अत्यावश्यक परीक्षणहरूका लागि सोही क्षमताको ब्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ

(ग) परीक्षण सम्बन्धी व्यवस्थाः-

(१) नगर अस्पतालको प्रयोगशालामा देहाय बमोजिम परीक्षण उपलब्ध हुनु पर्नेछ :

**क,** Hematology: TC, DC, hemoglobin, ESR, blood grouping for non-transfusion purpose, BT, CT, RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell indices

**ख,** Biochemistry : Sugar, Urea, Billirubin T&D, S. Uric acid, Total protein, serum albumin, SGOT, SGPT, ALP, Lipid profile, creatinine, sodium, potassium,
Microbiology: sputum AFB stain ( z-n stain), Gram stain and KoH

ग, mount for fungi

**घ,** Serological test : RPR, Widal test, ASO Titre, RA Factor, CRP, Test by RDTs All

**ङ** Miscellaneous: Stool for occult blood, Urine ketone body, urobilinogen, bile salt, bile pigmen, Bence Jones protein.

**१६. नगर अस्पतालको आकस्मिक प्रयोगशाला परीक्षण सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ " दफा ३६ बमोजिम प्रयोगशालामा आकस्मिक परीक्षण सम्बन्धी व्यवस्था अनुसार हुनु पर्नेछ ।

(क) अस्पतालमा आधारित प्रयोगशालामा आकस्मिक सेवा उपलब्ध हुनुपर्नेछ ।

(ख) आकस्मिक परीक्षणको नतिजा नमूना प्राप्त गरेको अधिकतम २ ( दुई) घण्टाभित्र दिनु पर्नेछ।

(ग) छुट्टै आकस्मिक प्रयोगशाला नभएका अस्पतालले आकस्मिक परीक्षण रुटिन प्रयोगशालाबाटै हुने व्यवस्था गर्न सक्नेछन्। तर आकस्मिक परीक्षणको नतिजा तोकिएकै समयमै प्रदान गर्न स्पष्ट कार्यविधि तय गरेको हुनुपर्नेछ। (आकस्मिक परीक्षण अनुसूची १ बमोजिम हुनेछ।)

**१७. बायोसेफ्टी सेक्युरिटी सम्बन्धी व्यवस्था :**

(१) प्रयोगशालाको बायोसेफ्टी सेक्युरिटी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्नेछ।

(क) स्वास्थ्य प्रयोगशाला न्यूनतम Biosefti Security Level (BSL)-२ level को हुनुपर्नेछ ।

(ख) बायोसेफ्टी सेक्युरिटीको कार्य सम्बन्धी जिम्मेवार जनशक्ति तोकिएको हुनु पर्नेछ ।

**१८. प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था :**

(१) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रयोगशालाले राष्ट्रियस्तरमा सञ्चालन गरेको बाह्य गुणस्तर सुनिश्चितता कार्यक्रम (National External Quality Assuarance Scheme) मा सहभागिता जनाउनु पर्नेछ ।

(ख) आन्तरिक गुणस्तर नियन्त्रण (Internal Quality Cotrol) व्यवस्था दुरुस्त हुनु पर्नेछ ।

**१९. परीक्षण रिफरल सम्बन्धी व्यवस्था :**

(१) प्रयोगशालाले परीक्षण रिफरल गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रयोगशालाले आफूसँग उपलब्ध नभएका परीक्षणहरू प्रेषण गर्न सक्नेछ । प्रापक (Referral) प्रयोगशाला न्यूनतम "B" वर्गको र प्रेषक(Referring) प्रयोगशाला न्यूनतम "डी" वर्गको हुनु पर्नेछ।

(ख) प्रापक र प्रेषक प्रयोगशाला बीच करार सम्झौता (MOU) भएको हुनु पर्नेछ ।

(ग) प्रेषक प्रयोगशालाले नेपालमा हुने प्रयोगशाला परीक्षण देश बाहिरको प्रयोगशालामा प्रेषण गरेको हुनु हुँदैन ।

(घ) कुनै पनि प्रयोगशालाले आफ्नै प्रयोगशाला वा देश भित्रै रहेको शाखामा आफूले परीक्षण सेवा सञ्चालन नगरेको परीक्षणको लागि रिफरल प्रयोगशालाको भूमिका निर्वाह गर्न पाउने छैन।

(ङ) प्रेषण गरिने परीक्षणहरुको सूची निर्धारित भएको हुनु पर्नेछ ।

(च) सेवाग्राहीलाई उसको परीक्षण प्रेषण गरिएको जानकारी हुनु पर्दछ। साथै, सेवाग्राही आफै रेफरल प्रयोगशालामा गई परीक्षण गराउँदा तिर्ने शुल्क र रिफरिङ्ग प्रयोगशाला मार्फत जाँदा तिर्नुपर्ने शुल्कको बारेमा सेवाग्राहीलाई जानकारी हुनुपर्दछ ।

(छ) प्रेषण गरिएका परीक्षणहरूको रिर्पोट रिफरल प्रयोगशालाकै रिपोर्ट फाराममा उपलब्ध गराउनु पर्नेछ।

(ज) प्रेषण गर्ने नमुनाको ढुवानी विधि तथा नतिजा सूचना प्रवाह गर्ने विधि स्पष्ट हुनुपर्नेछ

(झ) नेपालको प्रयोगशालामा नहुने परीक्षण मात्रै देश बाहिर प्रेषण गर्न सकिनेछ। तर, देश भित्र उपलब्ध रहेका परीक्षणहरू कुनै सेवाग्राहीको इच्छा भएमा देश बाहिरको प्रयोगशालामा पठाउन सकिनेछ।

(ञ) देश बाहिर परीक्षण पठाउँदा अनुसूची २ बमोजिमको ढाँचामा सेवाग्राहीको अनिवार्य लिखित सहमति (Written consent) लिनुपर्नेछ।

(ट) विदेशी रिफरल प्रयोगशाला सूचीकरण सम्बन्धमा :

(१) देश बाहिरका रिफरल प्रयोगशाला मन्त्रालय/तोकिएको निकायमा सूचीकृत हुनु पर्नेछ।

(२) विदेशी रेफरल प्रयोगशाला ISO १५१८९ बमोजिम प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(३) प्रेषण गरिएका परीक्षणहरूको सूचीको अभिलेख त्रैमासिक रूपमा राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा बुझाउनु पर्नेछ।

(४) विदेशी रेफरल प्रयोगशालाले नेपालको कुनै एउटा मात्र प्रयोगशाला मार्फत नमुना प्राप्त गर्न सक्नेछ।

(५) विदेशी रिफरल प्रयोगशालाकन दर्ता जिम्मा नेपाल भित्रको सम्बन्धित प्रेषक प्रयोगशालाको हुनेछ।

(६) नयाँ विदेशी रिफरल प्रयोगशालाको दर्ता गराउँदा सो को आवश्यकता र औचित्य पुष्टि गर्नु पर्नेछ।

(७) माथि जेसुकै कुराहरू लेखिएतापनी चैनपुर नगर अस्पताल को प्रयोशाला को गुणस्तर मापन र रेखदेख नियमन निकायको रूपमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला बिराटनगर लाई लिन सक्नेछ

**२०. अभिलेख सम्बन्धी व्यवस्था :** (१) अस्पताल प्रयोगशालामा देहाय बमोजिमका अभिलेखहरू राखु पर्नेछ।

(क) प्रयोगशालाका मुख्य परीक्षणहरूको SOP

(ख) Equipment user manual

(ग) Equipment maintenance record

(घ) IQC रेकर्ड/EQA रेकर्ड

(ङ)कर्मचारीहरूको व्यक्तिगत विवरण (अनुभव/तालिम/शैक्षिक योयग्ता आदिको रेकर्ड

(च) प्रेषण गरिएका परीक्षणको अभिलेख

(छ) प्रेषक र प्रापक प्रयोगशाला बीचमा भएको करारनामा (MOU)

**२१. अस्पताल प्रयोगशाला सम्बन्धी अन्य व्यवस्थाः-** प्रयोगशाला सम्बन्धी विविध व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

(क) इजाजत प्राप्त गरेपछि हरेक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र इजाजत पत्र प्रदान गरेको निकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्व- मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त रिफरेन्स र राष्ट्रिय प्रयोगशाला बाहेक अन्य कुनैपनि प्रयोगशालाले आफ्नो नाममा "रिफरेन्स र राष्ट्रिय" शब्दको प्रयोग गर्न पाइने छैन।

(ग) स्थापना भएको एक वर्षसम्म हरेक महिना गरेका परीक्षणहरूको विवरण अनुमति दिने निकायमा बुझाउनु पर्नेछ ।

(घ) प्रयोगशाला सम्बन्धी माथि उल्लेखित बुँदाहरूमा जे जस्ता लेखिएतापानी चैनपुर नगर अस्पतालको हकमा अस्पतालको बास्तविक पूर्वाधार, संरचना, उपलब्ध साधन स्रोत लाई उपयोग गर्दै थप मापदण्डमा विकसित गर्दै जान सकिनेछ भने गुणस्तरीय प्रयोगशाला रिपोर्ट प्रदान गर्न क्रमशः सेवा बिस्तार गरिदै जानेछ ।

**२२. रेडियो इमेजिङ्ग सेवा सम्बन्धी व्यवस्था:** दफा १०(५) को रेडियो इमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड पहिलो संशोधन) २०७८ को दफा ४२ बमोजिम गुणस्तर एवं मापदण्ड देहाय अनुसार हुनु पर्नेछ ।

**(क) साधारण एक्स-रे सेवा सम्बन्धी व्यवस्था :**

(१) एउटा एक्स रे मेशिन जडान गर्नका लागि कम्तीमा ४५० से. मि. ४०० से.मि. २५० से.मि. को कोठा उपलब्ध हुनु पर्नेछ ।

(२) नियन्त्रण गर्ने कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्छ र कम्तीमा १५५ से.मि. x १२० से.मि. को हुनु पर्नेछ ।

(३) प्रोसेसिङ्ग कोठा एक्स-रे कोठा भन्दा अलग हुनु पर्नेछ ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग अलग हुनु पर्नेछ ।

(५) देहाय बमोजिमका कोठाको व्यवस्था गरी विकिरण चुहावट नियन्त्रण गर्नु पर्नेछः-

(अ) ढोका र हेर्ने झ्याल (भ्युईङ झ्याल) मा २ मि.मि. बाक्लो सिसा (लिड) भएको।

(आ) ०.२ मि.मि. बाक्लो सिसा (लिड) र १५ से.मि. ईटाको भित्ता वा २५ से.मि. ईटाको भित्ता वा कङक्रिटको भित्ता भएको।

(इ) सम्भव भए सम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेशन जमिन देखि १८० से. मि. माथि रहेको र आफै बन्द हुने स्वचालित ढोका भएको।

(ई) मोबाइल एक्स-रे उपकरण सञ्चालन गर्दा तारको लम्बाई कम्तिमा २०० से.मि. भएको।

(६) पोर्टेबल एक्स-रे उपकरणहरु सधैं एक खण्ड (स्ट्याण्ड) मा राखिएको हुनु पर्नेछ ।

(७) कम्तीमा एउटा २ मि.मि. बाक्लो लिड एप्रोन वा बराबरको विकिरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ।

(८) कम्तिमा ०.२ मि.मि. बाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ।

(९) विकिरण क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलाई विकिरण निगरानी उपकरण (पर्सनल रेडिएशन डोज मनिटर) प्रदान गर्नु पर्नेछ र उक्त उपकरणको नियमित परीक्षण तीन/तीन महिनामा गर्नु पर्नेछ।

(१०) विकिरण क्षेत्रमा काम गर्न कर्मचारीहरूको लागि विकिरणको डोजको सिमा इन्टरनेशनल कमिसन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मि. लि. सिवर्ट प्रति वर्ष वा पाँच वर्षको औसत १०० मि. लि. सिवर्टको सीमाभित्र हुनु पर्नेछ । त्यो सीमा भन्दा बढी भएमा सम्बन्धित संस्थाले उक्त कर्मचारीलाई विकिरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ।

(११) एक्स-रे को राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरूको चार्ट (Standard Exposure Parameter Chart) प्रयोग गर्नु पर्नेछ।

(१२) वैकल्पिक विद्युत् आपूर्तिको लागि Back up को व्यवस्था हुनु पर्नेछ।

**(ख) अल्ट्रासोनोग्राम सेवा सम्बन्धी व्यवस्था :**

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरूको राम्रो व्यवस्था हुनु पर्नेछ।

(२) स्ट्रेचर / ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) शौचालय तथा चेन्जिङ्ग रुमको राम्रो व्यवस्था हुनु पर्नेछ।

(४) अन्य व्यवस्था साधारण एक्स-रेमा जस्तै हुनु पर्नेछ

(ग) रेडियोलोजी सेवाको लागि आवश्यक पर्ने उपकरणहरूः रेडियोडाइग्नोसिस तथा इमेजिङ्ग सम्बन्धी उपकरणहरू मन्त्रालयको स्वीकृति बिना नेपालभित्र ल्याउन र सञ्चालन गर्न पाइने छैन । नगर अस्पतालको रेडियोलोजी सेवाका उपकरणहरू देहाय बमोजिम हुनु पर्नेछ :-

(१) ५०० एम.ए.को एक्स-रे मेशिन (५०० MA X-Ray with Image Intensifier) १ थान

(२) भिडियो एक्स-रे मेशिन (Ultrasound Machine with Color Doppler- )-१ थान/

(घ) सेवा सञ्चालन गर्नका लागि अतिरिक्त व्यवस्था :

(१) आइपर्न सक्ने गम्भीर प्रकृतिका असरहरूलाई तत्काल उपचारको लागि इमर्जेन्सीमा चाहिने औषधि लगायत औजार उपकरण र आवश्यक चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको उपलब्धता हुनु पर्नेछ ।

(२) स्ट्रेचर / ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ।

(३) विकिरण क्षेत्रमा काम गर्ने कर्मचारीको लागि नेपाल सरकारले तोके बमोजिम हुने गरी जोखिम भत्ताको व्यवस्था हुनुपर्नेछ ।

(४) इमर्जेन्सी प्रयोजनका लागि आधारभूत उपकरण तथा औषधीहरू देहाय बमोजिम हुनु पर्नेछ

औषधि औजार उपकरण

- आई भि फ्लुड/ आई भि क्यानुला (IV Fluid/ IV Canula)
- एम्बु व्याग /सक्सन मेसिन (Ambu Bag, SuctionMachine)
- एट्रोपिन / एड्रेनालिन (Atropine / Adrenaline )
- हाइड्रो कर्टिसन (Hydrocortisone)
- इन्टुवेसन / ट्रे एयर वेस ( Intubation / Tray air base)
- ल्यारिनगोस्कोप, इटिट्वुव, अक्सिजन सिलिन्डर (Laryngoscope, ETtube, $O_2$ Cylinder)

## परिच्छेद ५

## नगर अस्पतालको अस्पताल सहयोग सेवा र अन्य सेवा सम्बन्धी व्यवस्था तथा मापदण्डहरू

**२३. सामाजिक सेवा सम्बन्धी व्यवस्थाः-** अस्पतालको सामाजिक सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) नगर अस्पतालले सामाजिक सेवा व्यवस्थापन कार्य सकेसम्म सामाजिक सेवा इकाईको व्यवस्था मार्फत गर्नेछ।

(ख) अस्पतालमा आउने बिरामी एवं सेवाग्राहीहरूलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ तथा सहायता कक्षको व्यवस्था OPD Counter अगाडी नै गर्नुपर्ने हुन्छ ।

(ग) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १०% (दश प्रतिशत) शैया छुट्ट्याई निःशुल्क उपचार गर्नेछ।

(घ) सामाजिक सेवा सम्बन्धी सेवाहरू २४ (चौबीस घण्टा उपलब्ध गराउनेछ।

(ङ) नागरिक वडापत्रमा सामाजिक सेवा सम्बन्धी सेवा समेत उल्लेख गर्नु पर्नेछ।

(च) प्रेषण बिरामीलाई अन्यत्र प्रेषण गर्दा उपचार मापदण्डका आधारमा पहिचान गरी सो को अभिलेख राख्नु पर्नेछ ।

(छ) अभिलेख तथा प्रतिवेदन निःशुल्क तथा आंशिक शुल्क छुट सेवा लिने बिरामीहरूको व्यवस्थित रूपमा अभिलेख राख्ने र सो को मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(ज) सामाजिक सेवा अन्तर्गत आंशिक छुट तथा निःशुल्क सेवा लिएका व्यक्तिहरूको विवरण मासिक रूपले देखिने गरी टाँस्नु पर्नेछ र अभिलेख राखी सम्बन्धित निकायमा समेत पेश गर्नुपर्नेछ।

(झ) अति गरिव, असाहय, बेवारिसे जस्ता बिरामीहरुलाई उपचार ब्यबस्थापन, प्रेषण, एम्बुलेन्स भाँडा जस्ताहरुको निर्णय गर्ने अधिकार समितिको हुनेछ ।

**२४. स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्थाः-** अस्पतालको स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) नगर अस्पतालले प्रथम सेवा बिन्दुको रूपमा स्वास्थ्य बिमाको कानुन बमोजिमको सम्पूर्ण सेवाहरू उपलब्ध गराउने छ ।

(ख) आवश्यक सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा स्वास्थ्य बिमाको उल्लेखित अनुसूचीको ढाँचामा प्रेषण पुर्जी भरी नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा पठाउने छ

(ग) अस्पतालले सेवा प्रदान गर्दा लाग्न सक्ने अनुमानित खर्च बारे बीमितलाई सेवा गर्नु अगाडी नै जानकारी गराउनु पर्नेछ ।

(घ) अस्पतालले स्वास्थ्य बीमा सम्बन्धी सेवा उपलब्ध गराउँदा बीमितलाई शिष्टाचार पूर्वक व्यवहार गर्नु पर्नेछ, सम्झौता बमोजिमको सेवा सुविधाको प्याकेज गुणस्तरीय रुपमा उपलब्ध गराउनेछ र उक्त प्याकेज निरन्तर उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्नेछ ।

(ङ) अस्पतालले स्वास्थ्य बीमा सेवा बापतको मूल्य दाबी स्वास्थ्य बीमा सूचना प्रणालीमा आवश्यक कागजात तथा बिल रियल समयमै प्रविष्ट गर्नु पर्नेछ ।

(च) अस्पतालले अस्पताल परिसर भित्रै स्वास्थ्य बीमा सम्बन्धी औषधी वितरण कक्ष सञ्चालन गर्नेछ ।

(छ) अस्पतालले स्वास्थ्य बिमाका सेवाग्राहीका लागि दर्ता एवं सोधपुछको लागि उचित व्यवस्था गर्नेछ ।

**२५. सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्थाः** (१) अस्पतालमा प्रयोग हुने औजार उपकरणहरूको प्रदूषण निवारण, निःसङ्क्रमण तथा निर्मलीकरण सम्बन्धी छुट्टै जिम्मेवारी अन्तर्गत कार्य व्यवस्थापन गर्नु पर्नेछ।

(२) सङ्क्रमण रोकथामका लागि स्वास्थ्यकर्मी लगायत फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरूलाई आवश्यक अभिमुखीकरण तालिम दिनु पर्नेछ।

(३) कामको प्रकृति र आवश्यकता अनुसार कर्मचारीहरूलाई आवश्यक परिमाणमा व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलब्ध गराउनु पर्नेछ।

(४) सेवा प्रदायकको सुरक्षाका लागि आवश्यक पर्ने खोप तथा औषधिको व्यवस्था गर्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थाजन्य समक्रमणबाट बचाउनको लागि स्वास्थ्य जन्य फोहोर मैलाको प्रचलित मापदण्ड अनुसार व्यवस्थापन गर्नु पर्नेछ।

(६) अस्पतालका प्रमुख स्थानहरू (जस्तै प्रवेश स्थल, इमर्जेन्सी कक्ष, अन्तरङ्ग विभाग, बहिरङ्ग विभाग लगायत) मा हात धुन मिल्ने व्यवस्था वा स्यानिटाइजरको व्यवस्था गर्नु पर्नेछ ।

(७) प्रत्येक प्रोसिडर पछि प्रयोग भएका सामानलाई अटोक्लेभ गरी निसङ्क्रमित गर्नु पर्नेछ।

(८) सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी आवश्यकता अनुसार कार्य समूह गठन एवं परिचालन गर्नु पर्नेछ ।

**२६. जन-स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थाः** (१) यस अस्पतालले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार तथा चैनपुर नगरपालिकाले तोके बमोजिम जनस्वास्थ्य सेवाहरू उपलब्ध गराउने छन् ।

(२) कुनै विशेष कारणले उल्लेख गरे बमोजिमका सेवाहरू उपलब्ध गराउन नसक्ने भएको अवस्थामा नगर कार्यपालिकाको कार्यालय तथा तालुकदार अन्य कार्यालयमा सूचित गर्नु पर्नेछ।

(३) नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको सेवा तथा कार्यक्रमसँग सम्बद्ध प्रोटोकल, मापदण्ड, निर्देशिकाहरूको पालना गर्नुपर्नेछ।

(४) यस अस्पतालले उपलब्ध गराएका सेवाहरूको अभिलेख राखी चैनपुर नगरपालिका स्वास्थ्य शाखामा सो को प्रतिवेदन नियमित रूपले पठाउनु पर्नेछ।

**२७. स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्थाः-** (१) यस नगर अस्पतालको स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन निर्देशिका २०७१, फोहोर मैला व्यवस्थापन निर्देशिका २०७७ तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८" बमोजिम देहाय अनुसार गर्नु पर्नेछ :-

(क) तयारी तथा क्षमता अभिवृद्धि :

(१) नगर अस्पतालको स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापनको कार्ययोजना तयार गरी अस्पताल प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) अस्पताल प्रमुख नेतृत्वमा सबै विभाग तथा इकाईको प्रतिनिधित्व गराइ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समिति गठन गरी सबै सदस्यहरूको निर्दिष्ट जिम्मेवारी परिभाषित गरी पालना गराउनु पर्नेछ ।

(३) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी तालिम दिई कम्तीमा १ ( (एक) जना कर्मचारीलाई दिनु पर्नेछ।

(ख) उत्पादन तथा वर्गीकरणः- (१) फोहोरमैलाको स्रोतमा नै छुट्ट्याई तोकिएको कन्टेनरमा जम्मा गर्नु पर्छ । साथै सो सम्बन्धी सेवाग्राही तथा कुरुवा समेतलाई जानकारी दिनु पर्नेछ ।

(२) फोहोरमैला वर्गीकरणका लागि विभिन्न रङ्गको बाल्टिन तथा बिनहरूको फोहोर उत्पादन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(३) फोहोर व्यवस्थापनमा प्रयोग हुने बाल्टिन तथा बिनहरूमा देहाय बमोजिमका रङ्ग कोडिङ्ग मापदण्ड लागु गरिएको हुनु पर्नेछ :

क, हरियो रङ्ग : कुहिने फोहोरको लागि

ख, निलो रङ्ग : नकुहिने फोहोरको लागि

ग, रातो रङ्गः जोखिमयुक्त फोहोरको लागि(संक्रमित, प्याथोलोजिकल, धारिलो तथा साइटोटक्सिक औषधी)

घ, पहेलो रङ्ग : जोखिमयुक्त रसायनिक फोहोरको लागि

ङ, कालो रङ्ग : रेडियोधर्मी फोहोरको लागि

(४) फोहोर वर्गीकरण, सङ्कलन तथा भण्डारणका लागि प्रयोग हुने हरेक बाल्टिन तथा बिन (औषधी उपचार ट्रली समेतमा प्रयोग हुने) मा तस्विर एवं विवरण सहितको लेबलिङ्ग गर्नु पर्नेछ।

(५) संक्रमित सुई नष्ट गर्ने उपकरण (Needle Cutter वा Needle Destroyer) को व्यवस्था हुनु पर्नेछ।

(ग) भण्डारण तथा ओसार पसारः

(१) वर्गीकरण गरिएको फोहोरहरूलाई छुट्टाछुट्टै भण्डारण गर्नु पर्नेछ ।

(२) हावा र प्रकाश आउने छुट्टै कोठा / स्थानको व्यवस्था गरी सङ्क्रमित फोहोरलाई गर्मी मौसममा २४ घण्टा र चिसो मौसममा ४८ घण्टाभित्र विसर्जन गर्ने व्यवस्था गर्नु पर्नेछ

(३) सामान्य र जोखिमयुक्त फोहोरलाई छुट्टाछुट्टै ट्रलीको प्रयोग गरी भीडभाड नहुने समय र क्षेत्र हुँदै ओसार पसार गर्नु पर्नेछ ।

(घ) फोहोरको उपचारः-

(१) सङ्क्रमित फोहोरको उपचार देहाय बमोजिमको प्रविधि प्रयोग गरी सङ्क्रमित फोहोरलाई निःसङ्क्रमण गर्नुपर्नेछ ।

(अ) नबाल्ने प्रविधिहरू (Non burn technologies) जस्तै Autoclave, Microwave, Friction Heat based आदि।

(आ) रासायनिक विधिमा आधारित (Chemical Disinfection)

(आ) इन्क्याप्सुलेशन (Encapsulation)

(ई) सेप्टिक कंक्रिट भोल्ट (Septic Concrete Vault)

(उ) Bureal ( धारिलो फोहोरका लागि खाडल )

(२) प्याथोलोजिकल फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले प्याथोलोजिकल फोहोरको उपचार गर्नु पर्नेछ ।

(अ) सालनाल खाडल (Placenta Pit)

(आ) एनोरोबिक खाडल ( Anaerobic Digester/Biogas )

(३) रसायनिक फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले रसायनिक फोहोरको उपचार गर्नु पर्नेछ

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation ) / निष्क्रिय पारेर (Inertization)

(४) औषधिजन्य फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले औषधिजन्य फोहोरको उपचार / व्यवस्थापन गर्नुपर्नेछ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन(Encapsulation ) / निष्क्रिय पारेर (Inertization)

(इ) अलकालाइन हाइड्रोलाइसिस (Alkaline Hydrolysis) पद्धति

(५) साइटोटक्सिक फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले साइटोटक्सिक फोहोरको उपचार / व्यवस्थापन गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता / उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation ) / निष्क्रिय पारेर (Inertization)

(इ) रसायनिक तथा भौतिक उपचार (Neutralization, Detoxyfication, Chemical Reduction Or Oxydation, Hydrolysis and Others)

अस्पतालमा उत्पादन हुने फोहोरको निःसङ्क्रमण अस्पतालमा नै गर्नु पर्नेछ ।

(ङ) फोहोरमैलाको विसर्जन (Disposal ) : (१) तोकिएको प्रविधिहरूबाट उपचार गरे पश्चात् साधारण फोहोलाई स्थानीय तहको फोहोर सङ्कलन तथा व्यवस्थापन प्रणालीसँग एकीकृत रूपमा विसर्जन गर्ने वा पुनःचक्रीय गर्न मिल्ने असंक्रमित सामग्रीहरूलाई पुनःचक्रीय प्रणालीमा लैजाने गर्नु पर्नेछ ।

(२) कुहिने फोहोरमैलाहरुलाई प्राङ्गारिक मल बनाएर वा बायोग्यास ( Anaerobic Digestion/Biogas ) प्रविधि प्रयोग गरी विसर्जन गर्नु पर्नेछ ।

(च) व्यक्तिगत सुरक्षाका उपायहरू:

(१) फोहोर व्यवस्थापन गर्दा व्यक्तिगत सुरक्षा कवच (टोपी, मास्क,ग्लोभ्स, चस्मा, बुट, गाउन, फेस सिल्ड इत्यादि) को प्रयोग गर्नु पर्नेछ ।

(२) स्वास्थ्यकर्मी, फोहोर संकलक तथा सम्बन्धित पेशाकर्मीहरुले प्रोटोकल अनुसार हेपाटाइटिस बी (Hepatitis B) Tetanus लगायतका सङ्क्रमण विरुद्धको खोप लगाएको हुनु पर्नेछ।

(३) Post Exposure Prophylaxis (PEP) सुविधा नभएका स्वास्थ्य संस्थाहरुले उक्त सेवाका लागि सेवा प्रदायक संस्थाको पहिचान गरी सम्बन्धित कर्मचारीलाई सो को पूर्व जानकारी दिनु पर्दछ।

**२८. खानेपानी, सरसफाइ, विद्युत आपूर्ति, गार्डेन, गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था :** खानेपानी, सरसफाइ, विद्युत आपूर्ति, गार्डेन, गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसार हुनु पर्नेछ ।

**(क) खानेपानी सम्बन्धी व्यवस्था**

(१) पानीको स्रोत : अस्पतालमा प्रयोग गरिने पानी सुधारिएको स्रोतको हुनु पर्नेछ।(सुधारिएको पानीको स्रोत भन्नाले पाइपबाट आउने पानी, बोर होल, सुरक्षित इनार, सुरक्षित कुवा, आकाशे पानी, इजाजत प्राप्त वितरक बाट प्याकेज गरिएको वा ढुवानी गरिएको पानी भन्ने बुझिन्छ ।

(२) पानीको परिमाण अस्पतालका विभिन्न शाखाहरूलाई आवश्यक पर्ने पानीको परिमाण देहायको तालिका अनुसार हुनेछ।

| **महत्त्वपूर्ण क्षेत्रहरू** | **पानीको परिमाण** |
|---|---|
| बहिरङ्ग विभाग | ५ लिटर प्रति परामर्श |
| अन्तरङ्ग विभाग | ४०-६० लिटर प्रति बिरामी प्रति दिन |
| | १५ लिटर प्रति स्याहारकर्ता प्रति दिन |
| शल्यक्रिया कक्ष र प्रसूति कक्ष | १०० लिटर प्रति शल्यक्रिया |
| सुक्खा र पूरक खाना केन्द्र | ०.५-५ लिटर प्रति परामर्श (कुर्नुपर्ने समयमा निर्भर हुने) |
| भिजेको तरल पदार्थ सहित) पूरक खाना केन्द्र | १५ लिटर प्रति परामर्श |
| अन्तरङ्ग उपचारात्मक खाना केन्द्र | ३० लिटर प्रति बिरामी प्रति दिन |
| | १५ लिटर प्रति स्याहारकर्ता प्रति दिन |
| हैजा तथा झाडा पखाला उपचार केन्द्र | ६० लिटर प्रति बिरामी प्रति दिन |
| | १५ लिटर प्रति स्याहारकर्ता प्रति दिन |
| गम्भीर घातक श्वास प्रश्वास सम्बन्धी रोग | १०० लिटर प्रति बिरामी प्रति दिन |
| भाइरल रक्तश्रावयुक्त ज्वरो केन्द्र | ३००-४०० लिटर प्रति बिरामी प्रति दिन १० लिटर प्रति जाँच |
| प्याथोलोजी प्रयोगशाला | १० लिटर प्रति जाँच |
| आकस्मिक शिविर हव अस्पताल ( कर्मचारी, स्याहारकर्ता बिरामीलाई हैजा झाडा पखाला र भाइरल ज्वरो जस्ता रोगबाट बचाउनका लागि पानीको सघन व्यवस्थापन आवश्यक हुन्छ ) | आकस्मिक शिविर हव अस्पतालका लागि बैकल्पिक पानी वितरण (विद्यमान परिमाणमा दैनिक पानी वितरण क्षमता बराबर हुने गरि) |
| पानीको वितरण अवरुद्ध भएको अवस्थाको लागि वैकल्पिक व्यवस्था | पानीको वितरण प्रणाली अवरुद्ध भएको अवस्थाको लागि अस्पतालमा न्यूनतम २ दिनको जगेडाको व्यवस्था गर्नु पर्दछ । |

(३) पानी भण्डार गर्ने टयाङ्कीको क्षमता पानीको मुख्य वितरण प्रणाली अवरुद्ध भएको अवस्थामा समेत कम्तीमा ३ (तीन दिनसम्म पुग्ने हुनु पर्दछ।

(४) खानेपानीको गुणस्तर कायम भएको हुनु पर्नेछ ।

(५) अस्पतालले पानी सुरक्षा योजना (Water Safety Plan-WSP) तयार गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(६) चिकित्सकीय प्रयोजनको लागि प्रयोग गरिने पानी कम्तीमा खानेपानीको गुणस्तर अनुरूप हुनु पर्नेछ।

(७) खानेपानी वितरण गर्ने विन्दु र अन्य प्रयोगको लागि वितरण गर्ने पानीको विन्दु फरक फरक हुनु पर्नेछ।

**(ख) सरसफाइ सम्बन्धी व्यवस्था :**

(१) बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था हुनु पर्नेछ ।

(२) महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय हुनु पर्नेछ ।

(३) अस्पताल परिसर तथा वार्डहरु सधैं सफा हुनु पर्नेछ ।

(४) अस्पातलजन्य फोहोरमैला व्यवस्थापनको लागि फोहोर सेग्रिगेशन, कलेक्सन, ट्रान्सपोर्ट्स, ट्रिटमेन्टर अन्तिम बिसर्जन छुट्टै योजना तयार गरी उपयुक्त प्रविधिबाट फोहोरमैला व्यवस्थापन गर्नु पर्नेछ ।

(५) मर्करीयुक्त उपकरणहरूको सट्टामा डिजिटलाइज्ड उपकरणहरू प्रयोगमा ल्याउनु पर्नेछ।

**(ग) विद्युत आपुर्ति :**

(१) अस्पतालमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ। सम्भव भएसम्म डेडिकेटेड लाइन जोडिएको हुनु पर्नेछ। अस्पतालको ICU, OT, ER कक्षमा निरन्तर आपूर्तिको लागि ब्याक अप सिस्टम जस्तै इन्भर्टर, जेनेरेटर, सोलार सिस्टम राखेको हुनु पर्नेछ।

(२) अस्पतालमा विद्युतको वैकल्पिक व्यवस्थापनको लागि प्रयोग हुने उपकरण सञ्चालनको लागि कम्तीमा ७ दिनसम्म पुग्ने इन्धनको व्यवस्था राखेको हुनुपर्नेछ।

(३) अस्पतालमा सञ्चालन हुने X-ray, USG, Laboratory equipment लगायतका उपकरणहरूको विद्युतबाट हुन सक्ने क्षति न्यूनिकरणको लागि अनिवार्य भोल्ट गार्डको व्यवस्था गर्नु पर्नेछ ।

(४) ठूला ठूला औजार उपकरण जोडिएकोले अस्पतालको लागि ३ फेजको विद्युत् लाइनको व्यवस्था हुनु पर्नेछ र अर्थिङ्ग गरी सुरक्षित बनाइएको हुनु पर्नेछ ।

**(घ) गार्डेनको व्यवस्था :**

(१) अस्पताल परिसरमा रुख बिरुवा तथा फलफूलहरू रोपी हरियाली कायम गरेको हुनु पर्नेछ।

(२) बगैंचा परिसरमा बिरामी तथा कुरुवाहरूको लागि बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ

(३) जमिन मुनिको पानीको रिचार्जको लागि खुल्ला स्थानको व्यवस्था हुनु पर्नेछ ।

**(ङ) पार्किङ्गको व्यवस्था :**

(१) अस्पतालमा आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(२)तीन शैयाको अनुपातमा १ गाडी पार्किङ्ग वा २५ प्रतिशत जग्गा पार्किङ्गको लागि छुट्याउनु पर्नेछ। ( फरक पर्न आएमा जुनले बढी हुन्छ सोहीलाई आधार मान्नु पर्नेछ। )

(३)अस्पतालमा सवारी साधनको लागि सकेसम्म आउने र जाने बाटो छुट्टाछुट्टै व्यवस्था भएको हुनु पर्नेछ।

(४) पार्किङ्ग क्षेत्रमा सवारी साधन राख्ने स्थानको रेखाङ्कन गरेको हुनु पर्नेछ।

(५)एम्बुलेन्स तथा शव बाहानको लागि छुट्टै पार्किङ्गको व्यवस्था गरेको हुनु पर्नेछ।

(६) दुई पाङ्ग्रे तथा चार पाङग्रे सवारी साधनको लागि छुट्टाछुट्टै पार्किङ्ग क्षेत्र छुट्याइएको हुनु पर्नेछ।

(च) मर्मत सम्भार :

(१)अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू सेवा अवरुद्ध नहुने गरी समयमा नै मर्मतको व्यवस्था गरेको हुनु पर्नेछ।

(२) ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरूको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई मर्मत सम्भार गरेको हुनु पर्नेछ।

(३) अस्पतालको भवन, सवारी साधन, मेशिनरी औजार यन्त्र उपकरण विद्युतीय उपकरणहरूको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(४)अस्पतालको औजार उपकरणहरूको मर्मत सम्भारको लागि बायो मेडिकल टेक्निसियन / बायो मेडिकल इन्जिनियरको उपलब्धताको सुनिश्चितता गरेको हुनु पर्नेछ ।

(५) अस्पतालको औजार उपकरणहरूको इन्भेन्टरी तथा मर्मत सम्भार गरेको विस्तृत विवरण सहितको सूची तयार गरेको हुनु पर्नेछ ।

(६) बिग्रिएका तथा मर्मत गरी प्रयोगमा नआउने सामानहरूको नियमानुसार वार्षिक रूपमा लिलामी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद ६

## नगर अस्पतालको अक्सिजन, औजार, तथा उपकरण सम्बन्धी व्यवस्था तथा मापदण्डहरू

**२९. अक्सिजन सम्बन्धी व्यवस्था :**

(१) अस्पतालमा अक्सिजन ग्याँस निरन्तर रूपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ।

(२) अति सिकिस्त बिरामीहरुको लागि अक्सिजन सिलिन्डर, कन्सनट्रेटर, अक्सिजन सिलिन्डर रुजु अवस्थामा रहनु पर्नेछ ।

**३०. उपकरण सम्बन्धी व्यवस्था :** (१) प्रयोगशाला उपकरण सम्बन्धी व्यवस्था दफा १६ (ग) तथा उपदफा (५) मा उल्लेख भए बमोजिम हुनेछ।

(२) रेडियो इमेजिङ्ग उपकरण सम्बन्धी व्यवस्था दफा २२ (ग) बमोजिम हुनेछ ।

(३) Cardiac उपकरण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनुपर्नेछ ।

| | |
|---|---|
| अर्डिनरी इसिजी मेसिन (Ordinary ECG Machine) | -१ थान |
| पल्स अक्सिमिटर (Pulse Oximeter) | -२ थान |
| विपि अपार्टस टेबल मोडेल (BP apparatus table model) | -४ थान |
| स्टेथेस्कोप (Stethoscope) | -४ थान |

(४) Operation Theatre सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

| | |
|---|---|
| अटोक्लेभ एचपि होरिजन्टल (Auto Clave HP Horizontal) | - Optional |

| | |
|---|---|
| अपरेसन टेबल हाइड्रोलिक मेजर (Operation Table Hydraulic Major) | १ थान |
| अपरेसन टेबल हाइड्रोलिक माइनर (Operation Table Hydraulic Minor) | १ थान |
| अटोक्लेभ भर्टिकल सिंगल विन (Autoclave vertical single bin ) | २ थान |
| फोकस ल्याम्प अर्डिनरी (Focus lamp ordinary) | २ थान |
| स्टेरिलाईजर सानो (Sterilizer Small (Instrument)) | १ थान |
| स्टेरिलाईजर मिडियम (Sterilizer Medium (Instrument)) | १ थान |
| वल स्टेरिलाईजर सानो (Bowl Sterilizer Small) | १ थान |
| वल स्टेरिलाईजर मिडियम (Bowl Sterilizer Medium) | १ थान |
| डायथर्मि मेसिन (Diathermy machine (Electric Cautery) | १ थान |
| सक्सन अपारटस (Suction Apparatus (Electrical)) | २ थान |
| सक्सन मेसिन (Suction Machine (Foot Operated)) | २ थान |
| डिहुमिडिफायर (Dehumidifier ) | १ थान |
| अल्ट्रा भ्वाइलेट ल्याम्प (Ultra Voilet Lamp) | १ थान |
| इथालिन अक्साइड स्टेरिलाइजर (Ethylene Oxide Sterilizer) | १ थान |
| माइक्रोवेभ स्टेरिलाइजर (Microwave sterilizer) | १ थान |

(५)अस्पताल प्याथोलोजी सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

(क) Microbiology/Bacteriology

| | |
|---|---|
| इन्क्युवेटर (Incubator ) | - १ थान |
| हट एयर ओभन (Hot Air Oven) | Optional |
| माइक्रोस्कोप (Microscope) | - १ थान |
| रोटेटर (Centrifuge/Rotator) | - १ थान |
| फ्रिज (Refrigerator) | - १ थान |
| अटो पिपेट (Auto pipette) | - ३ थान |

(ख) Biochemistry

| | |
|---|---|
| रोटेटर (Centrifuge/Rotator) | - १ थान |
| हट एयर ओभन Hot Air Oven | -Optional |
| फ्रिज (Refrigerator) | - १ थान |
| अटो पिपेट (Auto pipette) | - १ थान |

(ग) Hematology

माइक्रोस्कोप (Binocular) - १ थान, Blood Cell Counter (१८ Parameter or above) - १ थान

रोटेटर (Centrifuge/Rotator) - १ थान, Colorimeter -Optional

हट एयर ओभन (Hot Air Oven) -Optional, Refrigerator -Optional

काउन्टिङ चेम्बर (Counting Chamber)- १ थान, Computer with Printer -Optional

माइक्रो पिपेट (Micro Pippette) -As per need

(घ) Histopathology

माइक्रोस्कोप (Binocular) - १ थान, Incubator -Optional

(ङ) Microbiology: Virology, Serology

वाटर वाथ (Water Bath) - १ थान, Hot Air Oven - १ थान

मल्टि च्यानल माइक्रो पिपेट (Multi-Channel micro pipette) - १थान, Vriable Micro pipette - As per need

इन्क्युवेटर (Incubator ) - १ थान, Centrifuge - १ थान

वेटिङ व्यालेन्स (Weighing Balance) - १ थान, Autoclave -Optional

स्टप वाच (Stopwatch ) - १ थान

(५)अस्पताल एनेस्थेसिया (Anesthesia) सम्बन्धी उपकरण देहाय बमोजिमहुनु पर्नेछ :

इन्डो ट्राकहिल ट्युव सेट (Endo Tracheal tube sets)- १ थान, Air way (Female) - १ थान

एयर वे (Air way (Male)) - १ थान, Mouth Prop - १ थान

टङ्ग डिप्रेसर (Tongue Depressor) - २ थान, $O_2$ cylinder for Boyles - १ थान

वोयल्स अपार्टस विथ फ्लुटेक एण्ड सर्कल एव्सर्भर (Boyles Apparatus with Fluotec and circle absorber)-Optional

अक्सिजन कन्सन्ट्रेटर (Oxygen Concentrator/Cylinder)- १थान, Monitors ECG, NI BP, SPO2 with IBP- १ थान

ट्रान्स्पोर्ट मनिटर इसिजि (Transport Monitor ECG, SPO2 NI BP)- १ थान, Mac Coy ल्यारिन्गोस्कोप (Laryngoscope) - २ थान

इन्टुवेटिङ एलएमए (Intubating LMA 3,4)- ४ थान, Double Lumen Tube - १ थान

एम्वु व्याग (AMBU bag / Mask) - ४ थान, Defibrillator - Optional

(६) Labor ward, Neonatal and Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा उपकरणहरू देहाय बमोजिम हुनु पर्नेछ :

1, इमर्जेन्सी रिसक्सन किट ( Emergency Resuscitation Kit) -Baby - २ थान

2, स्टायान्सर्ड वटिङ स्केल (Standard Weighing Scale) - २ थान

3, डबल आउटलेट अक्सिजन कन्सन्ट्रेटर (Double- Outlet Oxygen Concentrator ) - Optional

4, र्याडियन्ट वार्मर ( Radiant Warmer) - १ थान

5, फेटल डप्लर ( Fetal Doppler ) - २ थान

6, डेलिभरी किट ( Delivery Kit ) - २ थान

7, इपिसियोटोमि किट (Episiotomy Kit ) - २ थान

8, फोरसेप्स डेलिभरी किट (Forceps Delivery Kit) - १ थान

9, सिलास्टिक भयाकुम एक्स्ट्याक्टर (Silastic Vacuum Extractor)- १ थान

10,पल्स अक्सिमिटर ( Pulse Oximeter Baby & Adult)- २ थान

11, नेवुलाइजर वेवि (Nebulizer baby ) - २ थान

12, वेटिङ मेसिन वयस्क (Weighing Machine adult) - २ थान

13, , वेटिङ मेसिन (Weighing Machine Infant ) - २ थान

Special Newborn Care Unit (SNCU) को लागि आवश्यक उपकरणहरु

1, इलेक्ट्रिक हिटर ( Electric heater/warmer ) - २ थान

2, वासिङ मेसिन विथ ड्रायर ( Washing Machine with dryer (Separate)) - २ थान

3, इलेक्टोनिक फुमिगेटर (Electronic fumigator) - २ थान

4, भ्याकुम क्लिनर (Vacuum Cleaner ) - १ थान

5, Gown for doctors, nurses, neonatal aids, Group staff & mother
-Adequate number of each size(essential)

6, वासेवल स्लिपर्स (Washable Slippers )-- Adequate number of each size (essential)

7, भर्टिकल अटोक्लेभ (Vertical Autoclave) - १ थान

8, अटोक्लेभ ड्रम्स (Autoclave Drums (Large, Medium & Small sizes)) At least 6 of each size

9, डिसइन्फेक्टान्ट स्प्रेयर (Disinfectant Sprayer) - १ थान

10, कन्टेनर फरउ लिक्विस डिस्इन्फेक्टान्ट ( Container for liquid disinfectant) - २ थान

11, फर्मालिन भेपराइजर (Formaline Vaporizer) - १ थान

12, हट एयर ओभन (Hot Air Oven) - Optional

13, ईथानेल अक्साइड स्टेरिलाईजर(Ethylene Oxide (ETO) Sterilizer) - Optional

(७) अस्पतालको प्रशासनिक कार्यका लागि आवश्यक पर्ने औजार तथा उपकरणहरू :

-कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, स्क्यानर, यूपिएस, प्रोजेक्टर, इमेल इन्टरनेट, टेलिफोन

-फर्निचर (आवश्यक सङ्ख्यामा )

(८) आकस्मिक तथा अत्यावश्यक औषधि तथा औजारहरुको सूची :

१. रेनिटिडिन, ओमेप्राजोल, पेन्टाप्राजोल (Ranitidine, Omeprazole, Pantoprazole (inj))

२. एड्रेनालाइन (Adrenaline(inj))

३. क्लोरोफेरामाइन (Chlorpheniramine (inj))

४. एमिनोफिलाइन (Aminophylline (inj) )

५. एट्रोपाइन (Atropine(inj))

६. Hyoscine Butyl Bromide(inj)

७. क्याल्सियम ग्लुकोनाइट Calcium Gluconate(inj)

८. सिप्रोफ्लोक्सासिन, एमपिसिलिन Ciprofloxacin, Ampicillin, Ampi-clox, Ceftriaxone, etc(inj)

९. डेरिफिलाइन Deriphylline (inj)

१०. डेक्जामेथासोन (Dexamethasone(inj)

११. डेक्स्ट्रोज Dextrose ५% Saline (inj)

१२. डेक्स्ट्रोज Dextrose १०% Saline (inj)

१३. डेक्स्ट्रोज Dextrose २५% (inj)

१४. डेक्स्ट्रोज Dextrose ५०% (inj)

१५. डाइजिपाम Diazepam, Lorazepam, Midazolam (inj)
१६. ५% डेक्स्ट्रोज सलाइन (५% Dextrose Saline (inj))
१७. डोपामिन (Dopamine(inj))
१८. पेन्टाजोसिन (Pentazocine (inj))
१९. हाइड्रोकोटिसोन (Hydrocotisone (inj))
२०. Frusemide (inj)
२१. मेनिटोल (Mannitol (Inj))
२२. मेट्रोनिडाजोल (Metronidazole (inj)
२३. मर्फिन (Morphine (inj))
२४. Nitroglycerine, Labetolo (inj)
२५. नर्मल स्लाइन (Normal Saline (inj)
२६. पारासिटामोल (Paracetamol (inj)
२७. Metochlopramide (inj)
२८. पेथिडिन (Pethidine (inj)
२९. फेनिटोइन ( Phenitoin (inj)
३०. फेनारगन (Phenergan (inj)
३१. पोटासियम क्लोराईड (Potassium Chloride (inj)
३२. Phenobarbitone (inj)
३३. नालोक्सोन (Naloxone (inj)
३४. रिङगर्स ल्याक्टेट (Ringer's Lactate (inj)
३५. सोडियम वाइकार्वोनेट (Sodium Bicarbonate (inj)
३६. डेक्लोफेनाक (Diclofenac (inj)
३७. डोबुटामिन (Dobutamine (inj)
३८. नोराड्रेलिन (Noradrenaline (inj)
३९. इसोप्रेनालिन (Isoprenaline (inj)
४०. एमिडोरान ( Aminodarone (inj)
४१. म्यागनेसियम सल्फाइट (Magnesium Sulphate (inj)
४२. डाइगोसिन (Digoxin (inj)
४३. एडेन्सिन, भेरापामिल (Adensine, Verapamil (inj)
४४. ट्रामोस्टेट (Tramostate (inj)
४५. एन्टासिड (Antacid (tab)
४६. एस्पिरिन (Aspirin (Tab)
४७. डेक्लोफिनेक (Diclofenac (tab)
४८. पारासिटामोल (Paracetamol (Tab)

४९. आइब्रुफिन (Ibuprofen (Tab)
५०. कोडिन फस्फेट (Codeine Phosphate (Tab)
५१. प्रिडनिसोलन (Prednisolone Tab)
५२. एन्टिबोइटिक्स ओरल (Antibiotics Oral (Tab/Cap)
५३. पोभिडोन आयोडिन सोलुसन (Povidone lodine Solution
५४. एन्टिबायोटिक ओइनमेन्ट (Antibiotic Ointment)
५५. आवश्यकता अनुसार अन्य (Other as per necessary)

(९) आकस्मिक अवस्थाका लागि आवश्यक औजारहरूको सूची :

१. एम्बु ब्याग ( Ambu bag with mask)
२.आर्टेरी फोर्सेप्स ( Artery Forceps)
३. साल्बुतामोल इनहेलर (Salbutamol Inhaler)
४. पोभिडिन आयोडिन ( Povidine lodine)
५. ब्लड ट्रान्सफ्युजन सेट ( Blood Transfusion Set)
६. बिपि इन्स्ट्रुमेन्ट (BP Instrument)
७. क्लिनवाक्स इयर ड्रप (Clinwax ear drop)
८. क्रेप ब्याण्डेज (Crepe Bandage ४" )
९. क्रेप (Crepe Bandage ६")
१०. डाइसेक्सन फरसेप दाँत नभएको (Dissection Forceps non toothed)
११. डाइसेक्सन फरसेप दाँत भएको (Dissection Forceps Toothed)
१२. डिस्पोजेवल सिरिन्ज (Disposable Syringe ३cc, ५cc, १०cc, २०cc)
१३. Endotracheal Tube (Pediatric and Adult) ३.०-८.५
१४. Laryngeal Mask Airway ३.०-८.५
१५. फोलि क्याथेटर (Foley catheter ६f-२०f, ३ way)
१६. पञ्जा (Glove no.६, ६.५, ७, ७.५)
१७. आइभि क्यानुला (I.V. Canula १४G-२४G)
१८. आइभि सेट र पेडियाट्रिक बरट (I.V.Set +Pediatric Burret)
१९. आईभि इनफ्युजन सेट (I.V. Infusion Set)
२०. सि पि भि लाइन सेट (C.P.V. line set)
२१. चेस्ट ट्युव ( Chest tube (Different Sizes))
२२. Ipratropium Bromide Inhaler + Solution
२३. नि जर्क ह्यामर (Knee Jerk Hammer)
२४. Laryngoscope with blade (Adult, Pediatric sizes)
२५. ल्युकोप्लास्ट (Lucoplast)
२६. Oxymetazoline Nasal Drop

२७. निडल होल्डर (Needle Holder)

२८. Ryle's Tube (N/G Tube)

२९. सिजर्स (Scissors (Different Sizes)

३०. Silver Sulphadiazine Cream

३१. स्टेथेस्कोप (Stethoscope)

३२. सक्सन मेसिन विथ ट्युव (Suction Machine with tubes)

३३. थर्मोमिटर (Thermometer)

३४. Sphygmomanometer

३५. टङ डिप्रेसर (Tongue Depressor)

३६. टर्च लाइट (Torch light)

३७. युरो व्याग (Uro Bag)

३८.वुडन स्पलिन्ट ( Wooden Splint )

३९. स्पाइनल वोर्ड (Spinal Board) -१

४०. सर्भिकल कोलर (Cervical Collor १-५

४१. एन्टिबोइटिक इन्जेक्सनस (Antibiotic Injections (Different)

४२. पल्स अक्सिमिटर (Pulse Oxymeter-१

४३. Ophthalmoscope-१

४४. ओटोस्कोप (Otoscope-१

४५. डिजिटल घडी (Digital Clock)

४६. के वायर (K-wire (Different sizes)

## परिच्छेद ७

## नगर अस्पतालको फरेन्सिक मेडिसिन तथा मेडिकोलेगल सेवा सम्बन्धी मापदण्डहरू

**३१.** नगर अस्पतालको फरेन्सिक मेडिसिन तथा क्लिनिकल मेडको लेगल सेवा नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ :

(१) शव गृह (Mortuary) को व्यवस्थाः-

(क) शव गृहको लागि छुट्टै ब्लक हुनु पर्नेछ र सो शव गृह वार्ड, आकस्मिक कक्ष तथा अप्रेसन थिएटरबाट सहजै पुग्न सकिने गरी ग्राउण्ड फ्लोरमा हुनु पर्नेछ ।

(ख) शव गृह आम नागरिकले प्रयोग गर्ने बाटोदेखि टाढा हुनु पर्नेछ ।

(ग) पोष्टमोर्टम कोठामा सिंक सहितको स्टेनलेस स्टीलको अटोप्सी टेबुल, शवको Specimen धुनको लागि पानीको व्यवस्था सहितको सिंक र औजारहरू राख्नको लागि कपबोर्डको व्यवस्था हुनु पर्नेछ।

(घ) पोष्टमोर्टम कोठा वातावरण अनुकूलित (Air Conditioning) हुनुको साथै उपयुक्त प्रकाशको व्यवस्था हुनु पर्नेछ ।

(ङ) शवको भण्डारणको लागि कम्तीमा पनि दुईवटा डिफ्रिज र सहितको छुट्टै कोठा हुनु पर्नेछ

(च) मृत व्यक्तिको आफन्तहरुको लागि कुरुवा कक्ष (क्षेत्र) र धार्मिक कार्यको लागि स्थानको व्यवस्था हुनु पर्नेछ ।

(छ) शवगृहमा चाहिने अन्य औजार, उपकरण र पूर्वाधार तथा मानव संसाधनको व्यवस्था चिकित्सकीय कानुनी (मेडिकोलेगल) सेवा सञ्चालन निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

(ज) शव परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लागू गरेको स्तरीय कार्यविधि (SPO) अनुरूप हुनु पर्नेछ ।

(झ) विपद्का अवस्थामा शवको व्यवस्थापन नेपाल सरकार गृह मन्त्रालयद्वारा जारी गरिएको "विपद् पश्चात् शवको व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (संशोधन २०७६ ) " अनुसार हुनु पर्नेछ ।

(ञ)बेवारिसे शवको व्यवस्थापन सम्बन्धमा प्रहरी ऐन, २०१२ को दफा २१(क) अनुसार गरिनु पर्दछ ।

(२) क्लिनिकल मेडिकोलिगल सेवा

(क)अस्पतालमा क्लिनिकल मेडिकोलिगल युनिटको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ख) क्लिनिकल मेडिको लिगल कक्षको लागि आवश्यक भौतिक पूर्वाधार, सरसामान तथा मानव संसाधन सम्बन्धी व्यवस्था " चिकित्सकीय कानूनी सेवा सञ्चालन निर्देशिका, २०७५" मा उल्लेख भए अनुरूप हुनु पर्नेछ ।

(ग) क्लिनिकल मेडिको लिगल परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लागू गरेको स्तरीय कार्यविधि ( क्इए) अनुरूप गर्नु पर्नेछ ।

## परिच्छेद ८

## नगर अस्पतालको प्रेषण प्रणाली मापदण्ड

**३२. नगर अस्पतालको प्रेषण प्रणाली नेपाल सरकारको “स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ " बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(१) प्रेषण प्रणाली सम्बन्धी व्यवस्थाः-

(क) अस्पतालले आफ्नो तह अनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुँदा हुँदै बिरामीलाई अर्को संस्थामा प्रेषण गर्न हुँदैन ।

(ख)अस्पतालले तपसिल अनुसारको अवस्थामा सबै भन्दा नजिक वा पायक पर्ने माथिल्लो तहको अस्पतालमा प्रेषण गर्न सक्नेछन् ।

(१) उपचारको लागि आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण तथा अन्य कारणले उपचार प्रदान गर्न नसकिने,

(२) विशेषज्ञ सेवा नभएको,

(३)थप वा सघन उपचार गर्नु पर्ने,

(४) अन्य कुनै विशेष कारण उपचार गर्न नसकिने अवस्था ।

(ग) अस्पतालले प्रेषण गरिने अस्पतालको सूची र सम्पर्क विवरण सहजताको लागि देखीने गरी राख्नु पर्दछ

(घ) अस्पतालले देहाय बमोजिमका प्रक्रिया अवलम्बन गरी सेवाग्राहीलाई प्रेषण गर्नु पर्दछ :-

(१)अस्पतालमा आएका बिरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालमा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि थप उपचार प्राप्त हुन सक्ने अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण-पुर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ ।

(२) अस्पतालले बिरामी वा निजको संरक्षकको लिखित सहमतिमा इच्छाएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिनेछ ।

(३) प्रेषण हुन नचाहेमा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषित गर्नुपर्नाको कारण सम्झाउनु पर्नेछ ।

(२)प्रेषण प्रक्रिया तथा व्यवस्थापन

(क) प्रेषण गर्नु भन्दा पहिले सेवाग्राहीले स्तरीय उपचार प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा उपलब्ध सबै आवश्यक सेवा पाएको हुनु पर्नेछ ।

(ख) सेवाग्राहीले पाएको उपचार विवरण स्पष्टसँग अभिलेख राख्नु पर्नेछ ।

(ग)जनस्वास्थ्य सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रेषण गर्नु पर्नेछ ।

(घ) प्रेषण गर्नु पूर्व पहिचान गरिएको हुनु पर्नेछ । साथै प्रेषण पुर्जामा आफ्नो अस्पतालको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ ।

(ङ) प्रेषण गर्दा सेवाको सुनिश्चितता गरेर मात्र प्रेषण गर्नु पर्नेछ ।

(च) स्वास्थ्य सेवा प्रदान गर्दा स्तरीय उपचार प्रोटोकल अनुसार सबै सेवा उपलब्ध गराउनु पर्नेछ

(छ) बिरामीको अवस्था स्थिर (Stable) भएपछि मात्र प्रेषण गर्नु पर्नेछ ।

(ज) प्रेषण पुर्जामा सम्बन्धित विवरण उल्लेख गरी सो को एक प्रति अस्पतालमा सुरक्षित राख्नु पर्नेछ ।

(झ) प्रेषण गरिने स्वास्थ्य संस्थालाई उपलब्ध माध्यमबाट सेवाग्राहीको अवस्था र निदानबारे अग्रिम जानकारी गराइ प्रेषण गर्नु पर्नेछ ।

(ञ) प्रेषण गर्दा सो बारेको जानकारी बिरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि अस्पतालमा ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(ट) प्रेषण भएको स्वास्थ्य संस्थाबाट पृष्ठ पोषण प्राप्त भएमा सेवाग्राहीलाई सोही अनुसार उपचार तथा फलोअप सेवा प्रदान गर्नु पर्नेछ ।

(ठ) प्रेषण गर्दा उपलब्ध भएसम्म एम्बुलेन्सबाट पठाउने व्यवस्था गर्नु पर्दछ र प्रेषण गरिएका बिरामीको विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(ड) प्रेषण भएर आउने बिरामीलाई यथाशक्य चाँडो सेवा दिन पूर्वाधार, जनशक्ति, औषधी तथा उपकरणहरूको व्यवस्था गर्नु पर्नेछ ।

(ढ) सम्भव भएसम्म प्रेषण भएर आउने बिरामीको बारेमा प्रेषण गर्ने स्वास्थ्य संस्थाबाट आवश्यक जानकारीहरू लिई पूर्व तयारीमा रहनु आवश्यक हुन्छ ।

(ण) बिरामी आउने बितिकै आवश्यक जाँच तथा परीक्षण गरी रोगको गाम्भीर्यताका आधारमा तत्कालै आवश्यक उपचार शुरु गर्नु पर्दछ ।

(त)आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ चिकित्सकसँग परामर्श गरी उपचार गर्नु पर्छ

(थ) उपचार पश्चात् प्रेषण गर्ने स्वास्थ्य संस्थामा पृष्ठपोषण समेत उल्लेख गरी प्रेषण फिर्ती पुर्जा सहित फिर्ता गर्नु पर्दछ ।

## परिच्छेद ९

## नगर अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन सम्बन्धी मापदण्ड

**३३. नगर अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन सम्बन्धी व्यवस्था नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन) २०७८ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ।**

(क) अस्पताल परिसरमा यथासम्भव चौबीसै घण्टा सेवा दिने किचेन र डायनिङ्ग छुट्टाछुट्टै भएको क्यान्टिन हुनु पर्नेछ ।

(ख) अस्पतालमा शैयाको सङ्ख्याको कम्तीमा २० प्रतिशत कुर्सी सहितको डायनिङ्गको व्यवस्था भएको हुनु पर्नेछ ।

(ग) खानाको परिकार र शुल्क सहितको बडा-पत्र सबैले देखिने स्थानमा राख्नु पर्नेछ ।

(घ) सफा भुई, फराकिलो पकाउने स्थान र सामान संचित गर्ने स्थान पर्याप्त भएको हुनु पर्नेछ।

(ङ) किचेन उज्यालो र एक्जस्ट फ्यान जोडेको हुनु पर्नेछ|

(च) क्यान्टिनको भित्ताहरू सरसफाई गर्न सजिलो हुने गरी भुईबाट ४ फूट टायल वा इनामेल पेन्ट गरेको हुनु पर्नेछ ।

(छ) चौबीसै घण्टा सफा, स्वच्छ पिउने पानी र खानाको व्यवस्था भएको हुनु पर्नेछ ।

(ज) क्यान्टिनमा कार्यरत कर्मचारीहरुले तोकिएको पोशाक लगाएको हुनु पर्नेछ ।

(झ) छुट्टै सफा हात धुने स्थान र उक्त स्थानमा साबुनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ञ) भाडा माझ्ने र हात धुने ठाउँ छुट्टाछुट्टै स्थानमा हुनु पर्नेछ।

(ट) सन्तुलित खाना र निश्चित बिरामीको लागि पोषण सम्बन्धी जानकारी दिन पोष्टर, पम्प्लेट तथा टेलिभिजनको व्यवस्था भएको हुनु पर्नेछ।

(ठ) खानेकुराबाट निस्कने फोहोरजन्य वस्तुको व्यवस्थापन निर्देशिका बमोजिम गर्नु पर्नेछ।

(ड) खानेकुरा सफा जालीयुक्त कपडाले छोपेको हुनु पर्नेछ। साथै, रेफ्रिजिरेटर, विद्युतिय ओवदनको व्यवस्था भएको हुनु पर्नेछ।

## परिच्छेद १०

## नगर अस्पतालको केन्द्रीय आपूर्ति विभागसम्बन्धी मापदण्ड

**३४. नगर अस्पतालको केन्द्रीय आपूर्ति विभाग सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(१) केन्द्रीय आपूर्ति सेवा विभागको प्रबन्ध :

(क)अस्पतालमा स्वच्छ पानीको नियमित आपूर्ति सुविधा भएको छुट्टै सेन्ट्रल सर्भिस डिपार्टमेन्ट हुनु पर्नेछ ।

(ख) फोहोर वस्तु राख्न, उपयोगी वस्तु राख्न, सरसफाइ गर्न, धुन / सुकाउन र निर्मलीकरण गर्न एवं प्याकेजिङ्ग तथा भण्डारणका लागि छुट्टाछुट्टै स्थानहरु हुनु पर्नेछ ।

(ग) विभागका सबै कोठाहरू भेन्टिलेसन सहित तापक्रम १८ - २२°सम्म र आद्रता ३५-६० प्रतिशत हुनु पर्दछ।

(घ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टको संरचना फोहोर क्षेत्रबाट क्रमशः सफा क्षेत्र तर्फ जाने गरी व्यवस्था गरिएको हुनु पर्नेछ।

(ङ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टका लागि तालिम प्राप्त कर्मचारीलाई जिम्मेवारी दिनु पर्दछ ।

(च) निर्मलीकरणको लागि ठाडो तथा तेर्सो अटोक्लेभ मेशिन चालु अवस्थाको हुनु पर्नेछ ।

(२) निर्मलीकरणको लागि तयारी :

(क) प्रयोग भएका सबै औजारहरूलाई ब्रस, केमिकल, साबुन र डिटर्जेन्ट पाउडर प्रयोग गरी छुट्टै स्थानमा सफा गर्नु पर्नेछ।

(ख)औजार तथा उपकरणहरू सुख्खा गरेर छुट्टै स्थानमा राख्नु पर्नेछ ।

(ग)औजारहरू डबल न्यापरमा पोको पारी राख्नु पर्दछ ।

(३) भिजेका तथा प्रयोग भएका दूषित औजारहरू (Contaminated Instrument) को संकलनः

(क)फोहोर जम्मा गर्नका लागि साधारण पन्जा लगाउनु पर्छ ।

(ख)फोहोर संकलन गर्दा जम्मा गर्ने नियमित समय तालिका अनुसार हुनु पर्नेछ ।

(ग)फोहोर संकलन गर्ने भाँडाहरू प्वाल नपरेको, बन्द गर्न मिल्ने किसिमको हुनु पर्छ र भाँडोको क्षमता भन्दा बढी फोहोर राख्नु हुदैन ।

(घ) फोहोर / दूषित वस्तुहरू सुरक्षित र बन्द कन्टेनरबाट परिवहन गर्नु पर्दछ ।

(४) सफा र किटाणुरहित पार्नेः

(क) सफा र किटाणुरहित बनाउनका लागि बास्केट, कन्टेनर र औजारको छुट्टै व्यवस्था भएको हुनु पर्छ ।

(ग)(घ)सफा गर्न र पखाल्नका लागि दुई वटा गहिरो खालको सिङ्कको व्यवस्था हुनु पर्छ

सबै निर्मलीकृत भइसकेका सामग्रीहरू सेलाइसकेपछि मात्र भण्डारण गर्नु पर्छ ।

भण्डारण कक्षहरु सफा र सुख्खा हुनु पर्छ ।

भण्डारण गरिने सामग्रीहरु भुईभन्दा ८ - १० से.मी. उचाईमा र सिलिङ्गबाट २०-२५ से. मी. तल हुनु पर्छ ।

(५) सङ्क्रमण रोकथामः

(क) सेन्ट्रल सर्भिस डिपार्टमेन्टमा कार्यरत कर्मचारीहरुले आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा कवच लगाउनु पर्छ ।

(ख)हात धुनका लागि पर्याप्त र नियमित रुपमा धाराबाट पानी र साबुनको उपलब्धता हुनु पर्छ ।

(ग) दुषण निवारणको लागि क्लोरिन झोलको उपलब्धता हुनुपर्छ।

(६) पोका पार्ने र बाँध्ने कार्य (Packaging and Wrapping):

(क) उपकरण तथा अन्य सामग्रीहरू अनिवार्य रुपमा निर्मलीकरण गरी प्याकिङ गर्नु पर्दछ

(ख) एकल प्रयोग सामग्रीहरू छुट्टा छुट्टै पोका पार्नु पर्छ ।

(ग) प्याकिङ्ग सामग्रीमा लेबल ( Label) टाँस्नु पर्छ ।

(७) निर्मलीकरण तथा भण्डारणः

(क) प्याकिङ्ग गरिएका उपकरणहरु निर्मलीकरण गरी छुट्टै ठाउँमा राख्नुपर्छ ।

(ख) निर्मलीकृत स्टिकर सहितका पोकाहरु छुट्टै दराजमा राख्नु पर्छ ।

(८) संकलन, आपूर्ति र बाँडफाड :

(क) निर्मल र स्वच्छ तवरले आपूर्ति गर्न एकद्वाराबाट सङ्कलन गर्ने र वितरणका लागि फरक बाटोबाट गर्ने व्यवस्था मिलाउनु पर्छ ।

(ख) निर्मलीकृत सामग्री आपूर्ति गर्दा निर्मलीकृत भएको सुनिश्चित गरी आवधिक रूपमा वा माग अनुसार वितरण गर्नु पर्दछ ।

(१) जिन्सी सामग्री र अभिलेखः

(क) सबै उपकरणहरू तथा प्याकेजहरूको अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

(ख) उपकरणहरू तथा प्याकेजहरूको अभिलेख नियमित अद्यावधिक गरी चुस्त दुरुस्त राख्नु पर्दछ ।

## परिच्छेद ११

## नगर अस्पतालको ल न्ड्री सम्बन्धी मापदण्ड

**३५. नगर अस्पतालको लाउन्ड्री सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(क) लाउन्ड्रीका लागि छुट्टै कोठा वा अलग्गै स्थानमा चौबीसै घण्टा पानी सहितको व्यवस्था हुनु पर्नेछ ।।

(ख) लाउन्ड्रीमा काम गर्ने सबै कर्मचारीले अनिवार्य र पन्जाको प्रयोग गर्नु पर्नेछ ।

(ग) कपडा धुनु अघि (soiled, unsoiled, colorful, white, blood stained कपडाहरू) छुट्ट्याउने व्यवस्था हुनु पर्नेछ ।

(घ) धुनु पूर्व सबै कपडाहरूको आवश्यकता अनुसार निःसङ्क्रमण  गर्नु पर्नेछ ।

(ङ) कपडा धुनु र सुकाउनको लागि washing machine र dryer को पर्याप्त सङ्ख्यामा व्यवस्था भएको हुनु पर्नेछ ।

(च) ब्ल्याङकेट जस्ता बाक्लो कपडा सुकाउन सिधै घाम पर्ने स्थान हुनु पर्नेछ । सफा गरिएका कपडाहरू आइरन गरी प्याक गर्नु पर्नेछ ।

(छ)(ज)सफा कपडाहरू राख्ने छुट्टै स्थान र दराजको व्यवस्था हुनु पर्नेछ ।

(झ) सफा कपडा वितरणको उचित तरिका (जस्तै basket supply system, on पर्नेछ । demand supply system) अपनाउनु

(ञ) व्यक्तिगत सुरक्षाको लागि हात धुने (सफा पानी र साबुन) र निःसङ्क्रमण को लागि कलोरिन झोलको उपलब्धता हुनु पर्नेछ ।

(ट) फोहोर र सफा कपडा राख्न छुट्टाछुट्टै स्थान हुनु पर्नेछ ।

(ठ) संकलन र वितरणको तालिका बनाई लागु गर्नु पर्नेछ ।काम गर्ने प्रयोजनका लागि प्रयाप्त सङ्ख्यामा टेबुल, दराज, ट्रली, आइरन, बकेट, PPE सामग्री (बुट, क्याप, पंजा, गाउन, मास्क, स्क्रब ब्रस, लुगा धुने डिटर्जेन्ट आदि) को व्यवस्था हुनु पर्नेछ ।

## परिच्छेद १२
## नगर अस्पतालको भवन तथा पूर्वाधार सम्बन्धी मापदण्ड

**३६. नगर अस्पतालको भवन तथा पूर्वाधार सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(क) अस्पतालको भवन निर्माण गर्दा भवन निर्माण ऐन, तथा मापदण्ड अनुसार हुनेछ।

(ख) विपद् व्यवस्थापन योजना तयार गरी सर्व साधारणको जानकारीको लागि भवनमा सुरक्षा सम्बन्धी संकेत चिन्हहरू उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ ।

(ग) अस्पताल भवनमा प्रशासनिक कार्यालय, बहिरङ्ग विभाग, अन्तरङ्ग विभाग,इमर्जेन्सी विभाग, प्रयोगशाला, फार्मेसी, रेडियोलजी विभाग, क्यान्टिन, CSSD, Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरूको व्यवस्था हुनु पर्नेछ ।

(घ) पूर्वाधारको हकमा "स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७४ (पहिलो संशोधन २०७७ ) "अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ ।

(ङ) अस्पतालको क्षेत्रफल प्रति शैया न्यूनतम ५५ वर्ग मिटरको हुनु पर्नेछ।

(च) प्रत्येक कोठाको क्षेत्रफल कम्तीमा १४ वर्ग मिटर हुनु पर्नेछ ।

(छ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने द्वार सम्भव भएसम्म अलग- अलग हुनु पर्नेछ।

(झ) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन, एम्बुलेन्स,दमकल जस्ता सवारी साधनका लागि प्रयाप्त पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(ञ) पार्किङ्ग प्रयोजनका लागि कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति ३ (तीन) शैयाको लागि एउटा कार पार्किङ्ग गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।अस्पतालले ओगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन बेल्ट हुनु पर्नेछ ।

## परिच्छेद १३
## नगर अस्पतालको वातावरणसम्बन्धी मापदण्ड

**३७. नगर अस्पतालको वातावरण सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(१) १५ शैयाको अस्पतालबाट स्तरोन्नती भए पश्चात् वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम देहाय अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ :-

(क) १६ देखि २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नु पुर्व संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,

(ख) २६ देखि १०० शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नुपुर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, र

(ग) १०० शैया भन्दा बढीको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नुपुर्व प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ

(२) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनुपर्नेः-

(क) ५००० भन्दा बढी १०००० वर्ग मिटर क्षेत्रफलसम्मको निर्माण स्थल (Built Up Area) वा फ्लोर एरिया (Floor Area) आवासीय, व्यवसायिक वा आवासीय र व्यवसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने ।

(ख) १०००० देखि २०००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

(३)प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने :

(क) १०००० वर्ग मिटर क्षेत्रफल भन्दा बढीको निर्माण स्थल (Built Up Area) वा फ्लोर एरिया (Floor Area) आवासीय, व्यवसायिक वा आवासीय र व्यवसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने ।

(ख) २०००० लिटरसम्म भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

(ग) जोखिमपूर्ण फोहोर पदार्थ सम्बन्धी व्यवस्थापन २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन तथा पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने ।

(४)तयार गरिएको अध्ययन प्रतिवेदन वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा तोकिए बमोजिमको निकायमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(५) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसायी स्वयम्ले नै वातावरणमैत्री रुपमा फोहोरमैला व्यवस्थापन तर्फ आवश्यक ध्यान दिनु पर्नेछ।

## परिच्छेद १४

## नगर अस्पतालको गुनासो तथा सूचना व्यवस्थापन सम्बन्धी मापदण्ड

**३८. नगर अस्पतालको गुनासो तथा सूचना व्यवस्थापन सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।**

(क) अस्पतालको अग्र भागमा सोधपुछ कक्षको व्यवस्था गरेको हुनु पर्नेछ ।

(ख) सबैले देख्ने स्थानमा अस्पतालले प्रदान गर्ने सेवाहरू, सेवा शुल्क र नक्शाङ्कन भएको बडा-पत्र राख्नु पर्नेछ।

(ग) अस्पतालले उजुरी पेटिकाको व्यवस्था गरेको हुनु पर्नेछ।

(घ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ मा भएको व्यवस्था बमोजिम सूचना अद्यावधिक र प्रकाशन गर्नु पर्नेछ।

(ङ)अस्पतालको सूचनाको जानकारी दिन एक जना सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ। साथै सूचना अधिकारीको फोटो, नाम थर र सम्पर्क नम्बर सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ ।

(च) सूचना अधिकारीले १५ दिनमा एक पटक उजुरी पेटिका खोली उजुरीको समयमा नै समाधान गर्नु पर्नेछ।

(छ)अस्पतालमा सार्वजनिक सञ्चार सेवाको व्यवस्था र सबैको पहुँचमा इन्टरनेटको सुविधा भएको हुनु पर्नेछ ।

(ज) प्रहरी, एम्बुलेन्स, दमकल, रक्त सञ्चार केन्द्र लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बर स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

## परिच्छेद १५
## नगर अस्पतालको चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको सेवा सुविधा व्यवस्थापन

**३९. नगर अस्पतालको चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी व्यवस्था :**

(१) नगर अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको तलव भत्ता लगायतका सुविधा नेपाल सरकार, कोशी प्रदेश सरकार तथा चैनपुर नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ वा चैनपुर नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

(२) नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ बमोजिम नगर अस्पतालको स्वीकृत दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको तलव र भत्ता सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकमबाट व्यवस्था हुने र अपुग भएमा चैनपुर नगरपालिकाले व्यवस्था गर्नेछ।

(३) नगर अस्पतालको कार्य एवं सेवा व्यवस्थापनको लागि कर्मचारी थप नियुक्त भएमा चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको तलव भत्ता लगायतका सुविधा चैनपुर नगरपालिका तथा नगर अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(४) नगर अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरूको तलव र भत्ता बाहेकका थप अन्य सुविधा चैनपुर नगर कार्यपालिकाको निर्णयबाट कानुन बमोजिम उपलब्ध गराउन सक्नेछ ।

(५) २४ सै घण्टा अस्पताल संचालनको लागि सार्वजनिक बिदा र अतिरिक्त समयमा कार्य गर्न गराउन आवश्यक जनशक्तिको व्यवस्थापन, सेवा सुविधा, प्रोत्साहन, सट्टा बिदा, आदिको व्यवस्था संचालक समितिको कोषबाट परिचालन गरि सेवा प्रवाह गर्न गराउन सक्नेछ ।

## परिच्छेद १६
## विविध

**४०. मापदण्ड तथा अनुसूचीमा** हेरफेर चैनपुर नगरपालिका नगरकार्यपालिकाले यस ऐनमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ भने यस ऐनमा उल्लेखित संघीय, कोशी प्रदेश बाट तयार भएको नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु परिमार्जित भएमा सोहि अनुसार हुनेछ।

**४१. व्याख्या गर्ने अधिकारः** यस ऐनमा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालयले सो मापदण्डको व्याख्या गर्नेछ ।

**४२. स्वतः अमान्य हुनेः-** यस ऐनमा लेखिएका कुनै कुरा नेपाल सरकार, कोशी प्रदेश सरकार तथा चैनपुर नगरपालिकाको ऐन नियम एवं प्रचलित कानूनको कुनै व्यवस्था सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**४३. अधिकार प्रत्यायोजन गर्न सक्नेः-** समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकारहरू अध्यक्ष, सदस्यहरूलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**४४. अस्पतालको छाप**ः- अस्पतालको दैनिक कामकार्यबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

**४५. अस्पतालको संगठन संरचनाः-** अस्पतालको कर्मचारी संगठन तालिका हुनेछ सो संरचना चैनपुर नगरपालिकाले निर्धारण गरिए अनुसार हुनेछ ।

**४६. खारेजी र बचाउः-** चैनपुर नगर अस्पतालले यस अघि गरेका सम्पूर्ण कामकारबाहीहरू यसै ऐन बमोजिम भए गरेको हुनेछ भने यस अघि नगर अस्पताल सम्बन्धी जारी गरिएका नीति नियम, कार्यविधि, निर्देशिका, मापदण्ड स्वतःखारेजी भएको मानिनेछ।

**४७, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेः-** यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

## अनुसूची-१
## (दफा १६ को उपदफा १ सँग सम्बन्धित )

**अस्पताल प्रयोगशालामा हुने आकस्मिक परीक्षण**

१.Hb%, TC, DC, Platelet

२.Na, K, Blood Sugar

३.Urea

४.Creatinine

५.Serum Amylase

६.Lipase

७.Blood grouping for Transfusion Purpose

८.BT, CT, PT, INR

९.Urine RE

१०.HIV / HCV/ HBsAg Kit

११. Troponin

१२. CPK/MB

१३. आकस्मिक उपचारको लागि चिकित्सकले अत्यावश्यक ठानेको अन्य परीक्षण

**अनुसूची-२**

**(दफा १९ उपदफा १ को (ञ) सँग सम्बन्धित )**

**परीक्षणका लागि विदेश पठाउनु पर्ने नमूनाहरुको हकमा बिरामीको मञ्जुरीनामा**

मैले आफ्नो नमूना विदेशी प्रयोगशालालाई परीक्षण गराउनको लागि अनुमति दिएकोछु ।

| नमूनाको प्रकार | परीक्षणको नाम | नमूनाको प्रकार | परीक्षणको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

कसको सल्लाहमा सन्देश पठाउन लागिएको हो :

चिकित्सकको नाम र काउन्सिल नं. :

विदेश पठाउने प्रयोगशालाको नाम र ठेगानाः

नमूना संकलन गर्ने प्रयोगशालाको नाम र ठेगाना :

सेवाग्राहीको नाम

सम्पर्क नं.

ठेगाना :

सेवाग्राहीको हस्ताक्षर :

## अनुसूची-३
## (दफा ३८ को उपदफा (ख) सँग सम्बन्धित)
## अस्पतालबाट प्रदान गरिने सेवाको नागरिक वडापत्रको ढाँचा

| सि.न . | सेवाहरुको विवरण | इकाई | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-४

## दफा १२ को उपदफा (ड ) बमोजिम डिस्चार्ज सारांश ढाँचा

| | |
|---|---|
| ............अस्पताल डिस्चार्ज सारांश | |
| बिरामीको नाम : | उमेर : |
| बिरामीको ठेगाना : | सम्पर्क न. : |
| अस्पतालको वार्ड : | युनिट : |
| बिरामीको परिचयपत्र न./ दर्ता न.: | मिति : |
| समस्याहरु :<br>-<br>- | |
| परीक्षण विवरण :<br>-<br>-<br>- | |
| उपचारको क्रममा भेटिएको तथ्य उपचार र पद्धति :<br>-<br>- | |
| उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि :<br>भर्ना भएको मिति : | |
| उपचार सम्बन्धी विवरण:<br>-<br>- | सिफारिस औषधीको नाम, मात्रा र अवधि :<br>-<br>- |

| |
|---|
| डिस्चार्ज हुदाको स्वास्थ्य अवस्था, सो समयमा दिएको निर्देशन :<br>-<br>- |
| पुन : अस्पताल आउने ( follow up) सम्बन्धी विवरण :<br>- यस उपचारको क्रममा पुन अस्पताल आउनुपर्ने वा नपर्ने<br>- आउनुपर्ने भए आउनुपर्ने मिति : |
| अन्य आवश्यक कुराहरू |

**अनुसूची-५**

**विविधको दफा ४४ सँग सम्बन्धित**

**अस्पतालको छापको नमुना**

१. अस्पतालको नाम ठेगाना भएको छाप छुट्टै रहनेछ ।

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर नगर अस्पताल, चैनपुर
संखुवासभा
स्थापनाः-

१. मेडिकल सुपरिटेण्डेन्ट
२. मेडिकल अधिकृत
३. फार्मेसी ईन्चार्ज
४. नर्सिङ्ग इन्चार्ज
५. इन्डोर इन्चार्ज
६. ईमरजेन्सी इन्चार्ज
७. प्रशासन प्रमुख
८. अध्यक्ष र सदस्य सचिव

**आज्ञाले,**
**ओमकार प्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**